का.जि.प्र.का.द.नं. १००/०४१/६०

२ माघ २०८१,

बुधबार

15 January, 2025

Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष ००, अंक ३०७ । पृष्ठ ८

Madhyanha National Daily

www.madhyanhadaily.com





**माघे संक्रान्ति :** *आ-आफ्नो समुदायको मौलिक वेशभूषामा सजिएर माघी पर्व मनाउँदै मगर समुदाय (बायाँ) र थारू समुदाय (दायाँ) तस्बिर : मध्यान्ह*

**भूकम्पबाट जोगिन सचेत बनौँ**

- भूकम्पको वेला जोगिने उपायहरूको पूर्वअभ्यास गरौं,
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं,
- आफ्नो घरको संरचना ख्याल गर्दै भूकम्प प्रतिरोधी बनाऔं,
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं,
- भूकम्प आउँदा सुरक्षित स्थानमा बसौं,
- आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार गरेर राखौं,

*भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# २ मोर्चामा विभाजित विपक्षी

सत्ताबाहिर रहेका राजनीतिक दलहरू २ मोर्चामा एकीकृत हुन खोजेका छन् । विपक्षमा रहेकाहरूमध्ये ठूला दलहरू समाजवादी मोर्चामा छन् भने मधेश केन्द्रित दलहरू पनि छुट्टै मोर्चा बनाएर अगाडि बढेका हुन्



केही समय समाजवादी मोर्चा निष्क्रिय भयो कि भन्ने जस्तो भयो । अब गति दिनेगरी छलफल हुन्छ

**देव गुरुङ**
**महासचिव, नेकपा (माओवादी केन्द्र)**



टुटेको संवादको कडी जोड्न खोजेका हौं । मोर्चाको साझा एजेन्डा तय गरेरै अगाडि बढ्छौं

**हृदयश त्रिपाठी**
**अध्यक्ष, जनप्रगतिशील पार्टी**



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १ माघ ।

विपक्षी दलहरू मोर्चाबन्दीमा लागेका छन् । सत्ताबाहिर रहेका राजनीतिक दलहरू २ मोर्चामा एकीकृत भएर शक्ति आर्जनमा केन्द्रित हुन खोजेका छन् । विपक्षमा रहेकाहरूमध्ये ठूला दलहरू समाजवादी मोर्चामा छन् भने मधेश केन्द्रित दलहरू छुट्टै मोर्चा बनाएर अगाडि बढेका हुन् ।

समाजवादी मोर्चाको बैठक आज बुधबार बस्दै छ । यसमार्फत मोर्चाको आगामी गतिविधि तय गर्न लागिएको नेकपा (माओवादी केन्द्र)का महासचिव देव गुरुङ बताउँछन् । 'केही समय समाजवादी मोर्चा निष्क्रिय भयो कि भन्ने जस्तो भयो । अब गति दिनेगरी छलफल >> पृष्ठ २ मा



## आगोको त्रासदीमा अमेरिका

**एजेन्सी/क्यालिफोर्निया–** संयुक्त अमेरिकाको क्यालिफोर्निया राज्य आगोले जलेको छ । ५ जनवरीदेखि सल्केको डढेलो अझै नियन्त्रणमा आएको छैन । डढेलो नियन्त्रण गर्ने प्रयास जारी छ ।

आगोमा अहिलेसम्म २४ जनाले ज्यान गुमाइसकेका छन् भने लाखौं विस्थापित भएका छन् । लस एन्जलस काउन्टीका स्वास्थ्य अधिकारीहरूले मृत्यु हुनेको संख्या २४ पुगेको पुष्टि गरेका छन् । आगलागीमा १६ जना बेपत्ता भएका जनाइएको छ ।

केही दिन हावाको गति केही कम भए पनि पुनः तीव्र गतिमा हावा चलिरहेको छ । प्रतिघण्टा ६० माइलको दरले हावा चलिरहेको छ, जसका कारण डढेलो धेरै भूभागमा फैलिइरहेको छ ।

अमेरिकी सञ्चार माध्यमहरूका अनुसार डढेलोले १० हजारभन्दा बढी घर तथा अन्य >> पृष्ठ २ मा

## बेलायती राजपरिवार सदस्य नेपाल भ्रमणमा आउने



**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ ।

बेलायतको राजपरिवारका २ सदस्यहरूले आगामी महिना नेपालको भ्रमण गर्ने भएका छन् ।

बेलायती राजपरिवारकी डचेस सोफी र राजकुमार एडवर्ड आगामी फेब्रुअरी महिनाको पहिलो हप्ता नेपाल भ्रमणमा आउन लागेका हुन् । यो उनीहरूको सन् २०२५ को पहिलो अन्तर्राष्ट्रिय भ्रमण हुने छ । बेलायती राजपरिवारको आधिकारिक वेबसाइटका अनुसार एडिनबर्गका ड्युक र डचेसले फेब्रुअरीको पहिलो हप्ता दक्षिण एसियाली राष्ट्रको राजकीय भ्रमणको क्रममा नेपालको भ्रमण गर्ने छन् ।

महारानी एलिजाबेथ द्वितीय र राजकुमार फिलिपका कान्छा छोरा प्रिन्स एडवर्डले २ फेब्रुअरीमा डीओएफईको अन्तर राष्ट्रिय पुरस्कार फाउन्डेसनको अध्यक्षको रूपमा भारतको भ्रमण गर्दै छन् । त्यसपछि शाही जोडी ४ फेब्रुअरीमा नेपालको ५ दिने भ्रमणका लागि काठमाडौं आइपुग्ने छन् ।

बेलायती शाही जोडीको दक्षिण एसिया भ्रमणको विवरण गोप्य राखिएको भए पनि ड्युक र डचेस अफ एडिनबराले ७ फेब्रुअरीमा पोखराको ब्रिटिस गोर्खा क्याम्पमा नयाँ गोर्खा भर्तीहरूको प्रमाणीकरण समारोहमा भाग लिने छन् ।

पोखरामा रहँदा उनीहरूले नयाँ भर्ती भएका गोर्खा सैनिक र उनीहरूका परिवारका सदस्यहरूलाई भेट्ने छन् ।

हालैका वर्षहरूमा ब्रिटिस गोर्खाहरू बेलायतमा मात्र नभई साइप्रस, म्यासेडोनिया, रोमानिया, जर्मनी, जापान, पपुवा न्युगिनी, अस्ट्रेलिया र न्युजिल्यान्डमा पनि तैनाथ गरिएका छन् । गोर्खाहरूले २०० वर्षभन्दा बढी समयदेखि बेलायती सेनामा सेवा गर्दै आएका छन् । उनीहरूले साहसी र दृढ लडाकुका रूपमा ख्याति कमाएका छन् ।

आफ्नो ५ दिने भ्रमणको क्रममा शाही परिवारका सदस्यहरूले उच्चस्तरीय नेपाली सरकारी अधिकारी र गोर्खा सैनिकका परिवारहरूलाई भेट्ने कार्यक्रम छ । उनीहरूले नेपालमा >> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### मलेसियाको रोजगारीमा सिन्डिकेट प्रपञ्च

## सिन्डिकेटको हल्ला चलाउने को हो ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ ।

मलेसियाको रोजगारी नियमित र पूर्ण रूपमा खुला नहुँदै नेपालमा मलेसियाको रोजगारी सम्बन्धमा विभिन्न किसिमका सिन्डिकेटका हल्ला सुरु हुन थालेका छन् । विगतमा कतार, साउदी अरेबिया, यूएईलगायतका मुलुकमा सुरक्षाकर्मी तालिम वा स्वास्थ्य परीक्षणको नाममा सिन्डिकेट खडा गर्ने स्वार्थ समूह नै हाल मलेसियाको रोजगारीमा तालिम वा सीप प्रमाणपत्र जस्ता प्राविधिक विषयलाई अगाडि बढाएर सिन्डिकेट बनाउने प्रपञ्चमा लागिपरेका बताइएको छ ।

हाल प्लान्टेसन क्षेत्रमा छिटफुट विदेशी कामदारको एप्रुभल दिएको मलेसियाले आगामी फेब्रुअरीमा भने ठूलो संख्यामा विदेशी कामदार भित्र्याउन एप्रुभल खुला गर्ने बताएको छ । त्यसअघि उसले कामदारको भर्ना प्रक्रियाबारे नेपालसहित स्रोत मुलुकहरूसँग सरकारी स्तरमा नै छलफल गर्ने बताएको छ ।

मलेसियाले मूलतः औद्योगिक क्षेत्र, कन्स्ट्रक्सन, सेवा, वृक्षरोपण, कृषि, घरेलु सहायक र खानी तथा उत्खनन क्षेत्रमा विदेशी कामदार प्रयोग गरिरहेको छ । >> पृष्ठ २ मा

### साउदीको ३ वर्षे प्रतिबन्ध खारेज

**गुभाजु अन्जान/मध्यान्ह**
रियाद, साउदी अरेबिया, १ माघ ।

साउदी अरेबियाले एक्जिट वा पुनः प्रवेश भिसा लिएका तर म्याद सकिनुअघि फर्कन नसकेका विदेशी कामदारमाथि लगाइएको ३ वर्षको प्रतिबन्ध खारेज गरेको छ ।

साउदी अरेबियाको राहदानी निर्देशनालयले विभिन्न विभाग, प्रवेश बिन्दु, एयरलाइन्स र ट्रान्जिट टर्मिनलहरूलाई प्रतिबन्ध उल्टाउँदै >> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

२ माघ २०८१ बुधबार
15 January 2025, Wednesday

# रहरले होइन, आवश्यकताले अध्यादेश ल्याइएको हो: मन्त्री गुरुङ

**काठमाडौं/मस–**सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सरकारले रहरले नभई आवश्यकताले अध्यादेश ल्याएको बताएका छन् ।

नेपाल मगर संघले काठमाडौंको टुँडीखेलमा आयोजना गरेको माघेसङ्क्रान्ती पर्वको उद्घाटन गर्दै उनले जनतालाई छिटोछरितो सेवा प्रदान गर्न अध्यादेश जरुरी रहेको धारणा राखे । सरकारका प्रवक्ता मन्त्री गुरुङले नेपालमा विकासका काममा अवरोध सिर्जना गर्ने थुप्रै जटिल कानुनी प्रक्रिया रहेको र प्रक्रियागत कानुन बनाउन ६ वर्षभन्दा बढी समय लाग्ने गरेको बताए ।



'यसरी कानुनी प्रक्रियामै अल्झिँदा विकासमा अड्चन आइरहेको छ । यसले जनताको सेवामा बाधा पुग्नाका साथै मुलुकको विकासमा अवरोध सिर्जना हुँदै आएको थियो' उनले भने, 'त्यसै कारण जनतालाई सेवा सुविधा दिने कुरामा सहज होस् भनेर सरकारले अध्यादेश ल्याएको हो ।'

मन्त्री गुरुङले अध्यादेशले सूचना प्रविधि (आइटी) सम्बन्धी व्यवसाय गर्नेहरूलाई सहज वातावरण सिर्जना गर्ने र विदेशी कम्पनीसँग ऋण लिन पाउने व्यवस्थाले व्यवसायको विकासमा प्रोत्साहन मिल्ने जिकिर गरे । यस्तै, उद्यमीले सहुलियत पाउने, काममा आएका झन्झट, सार्वजनिक प्रशासनिक सेवाको ढिलासुस्ती हटाउन, सुशासन कायम गर्न र भ्रष्टाचार नियन्त्रण गर्न अध्यादेश ल्याउनु परेको उनले प्रष्ट पारे ।

'अब उपरान्त तपाईं कुनै सरकारी कार्यालयमा पुग्नुभयो र तपाईंको काम सात दिनभित्र पूरा गरेन भने स्पष्टीकरण दिनुपर्ने वा कारबाही गरिनेलगायत प्रबन्ध गरेका छौं,' उनले भने, 'गाउँपालिका वा नगरपालिकामा अध्यक्ष र उपाध्यक्ष निलम्बन भए भने कसले प्रशासन चलाउने? यस्तो बेलामा गाउँ कार्यपालिका सदस्यहरू आफूमध्येबाट जुन व्यक्तिलाई छनोट गर्छ, त्यसैले पालिका चलाउन पाउने व्यवस्था राखेका छौं ।'

यसले जनताको सेवामा आउने अवरोध हटाउने मन्त्री गुरुङको विश्वास छ ।

कार्यक्रममा मन्त्री गुरुङले आदिवासी जनजातिले संविधानप्रदत्त अधिकारको भरपुर सदुपयोग गर्नुपर्ने सुझाव दिए ।

आदिवासी जनजातिले गरेका शान्तिपूर्ण आन्दोलनको प्रतिफलस्वरूप संविधानले थुप्रै अधिकार सुनिश्चित गरेकाले त्यसको उपयोग गर्नुपर्नेमा जोड दिए ।

मन्त्री गुरुङले अहिलेको अवस्था हेर्दा संविधानले दिएका ती अधिकार प्रयोगमा आदिवासी जनजाति समुदाय चुकिरहेको धारणा राखे । मगर समुदाय आदिवासी जनजातिभित्र सबै भन्दा ठूलो समुदाय भएको उल्लेख गर्दै उनले यस समुदायले राज्य एकीकरणदेखि हालसम्म राज्यप्रति दिएको योगदान प्रशंसनीय रहेको उल्लेख गरे ।

मगर समुदाय बाहुल्य गण्डकी प्रदेश र लुम्बिनी प्रदेशलाई आफ्नो क्षेत्रमा यस समुदायको भाषा संरक्षणका लागि पहल गर्न मन्त्री गुरुङले आग्रह गरे ।

'गण्डकी र लुम्बिनी प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु, त्यहाँ मगर भाषाका लिपिलगायत महत्वपूर्ण पक्षको संरक्षण गर्नुपर्छ,' उनले भने, 'सरकारी कामकाजको भाषाको रूपमा स्थापित र मान्यता दिनुपर्छ ।' मन्त्री गुरुङले नेपाल बहुजातीय बहुसांस्कृतिक मुलुक भएकाले सबै समुदायको सांस्कृतिक पर्वको सम्मान गरेर सरकारले सार्वजनिक बिदालगायत प्रवर्द्धनात्मक काम गरिरहेको बताए ।

# शिक्षक नियुक्तिमा अल्पसंख्यकमाथि विभेद गरिएको आरोप

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १ माघ



राष्ट्रिय मदरसा संघ नेपालले शिक्षक सेवा आयोगद्वारा हाले प्रकाशित ३ सय ६८ पदहरूको विज्ञापनले अल्पसंख्यक समुदायप्रति अन्याय र विभेद गरेको आरोप लगाएको छ ।

आयोगको सूचनामा हिन्दू धर्मसँग सम्बन्धित विषयहरूलाई प्राथमिकता दिएपनि मुस्लिम समुदायका अरबी, इस्लामिक अध्ययन, हदीस, र फिकहजस्ता विषयलाई पूर्णत बेवास्ता गरिएको संघले जनाएको छ । यसले अल्पसंख्यकहरूको भावना मात्र होइन, नेपालको सामाजिक सद्भावमा पनि गम्भीर प्रश्न उठाएको संघको ठहर छ ।

संघका अध्यक्ष डा अब्दुल गनी अल्कूफीले भने,'यो विज्ञापन केवल सूचना मात्र होइन, यो अल्पसंख्यकहरूको अधिकारमाथि गरिएको प्रहार हो । हामी सरकारसँग यस अन्यायलाई तुरुन्त अन्त्य गर्न माग गर्दछौं ।'

संघका महासचिव मौलाना मशहूद खाँ नेपालीले भने,'धर्मनिरपेक्षता र समानता नेपालको पहिचान हो । तर यस प्रकारको विभेदले केवल अल्पसंख्यकहरूको विश्वासमा चोट पुर्याउँछ । सबै धर्म र समुदायलाई समान अवसर प्रदान नगर्दा देशको प्रगतिमा बाधा पुग्छ ।'

यस्तै संघले शिक्षक नियुक्तिमा सबै धर्मका व्यक्तिलाई समान अवसर दिनुपर्ने, मुस्लिम समुदायका विषयलाई पाठ्यक्रम र नियुक्तिमा समावेश गर्नुपर्ने, नीतिनिर्माण प्रक्रियामा अल्पसंख्यक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने माग गरेको छ । यस्तै नेपालको धर्मनिरपेक्ष र संवैधानिक मूल्यमान्यता व्यवहारमा लागू गर्न पनि संघले माग गरेको छ ।

संघले सबै अल्पसंख्यक समुदाय, संगठन र अगुवाहरूलाई अधिकारका लागि एकजुट हुन आह्वान गर्दै भनेको छ,'यो समय सहकार्य र एकताको हो । नेपालले मात्र त्यतिखेर प्रगति गर्न सक्छ, जब हरेक नागरिकलाई समान अवसर प्राप्त हुन्छ ।' संघले यो विषयलाई नेपालको संविधान र सामाजिक सद्भावको परीक्षा भएको बताउँदै सरकारलाई तत्काल कदम चाल्न आह्वान गरेको छ । विभेद अन्त्य गर्दै सबैलाई समान अवसर प्रदान गर्न सरकारले चालेको कदमले नेपालको धर्मनिरपेक्ष पहिचानलाई बलियो बनाउन सहयोग पुग्ने संघले विश्वास लिएको छ ।

**दुई मोर्चामा...**

हुन्छ', गुरुङले भने । मधेश केन्द्रित दलहरूको बैठक भने मंगलबार नै बस्यो । काठमाडौंमा बसेको बैठकमा विभिन्न ६ वटा दलका नेताहरू उपस्थित थिए ।

जनता समाजवादी, लोकतान्त्रिक समाजवादी, जनमत पार्टी, जनप्रगतिशील, राष्ट्रिय मुक्ति मोर्चा, तमलोपाका नेताहरू सहभागी बैठकमा मोर्चा निर्माणको खाका, उद्देश्यबारे छलफल भएको छ । साझा एजेन्डा तय गरेर एजेन्डासहित मोर्चा घोषणा गर्ने तयारी छ । मोर्चा घोषणा गर्नुअघि आ-आफ्ना दलभित्र गम्भीर छलफल चलाउने समझदारी भएको नेताहरू बताउँछन् ।

जनप्रगतिशील पार्टीका अध्यक्ष हृदयश त्रिपाठी मधेश केन्द्रित दलहरू एक ठाउँमा रहने बताउँछन् । उनले मधेशका मुद्दामा साझा धारणासहित मोर्चा बनाउने तयारी रहेको बताए ।

उनी भन्छन्, 'मधेश केन्द्रित दलहरूबीच टुटेको संवादको कडी जोड्न खोजिएको हो । हामी मोर्चाको साझा एजेन्डा तय गरेरै अगाडि बढ्छौं ।'

यो मोर्चामा नागरिक उन्मुक्ति पार्टीलाई आमन्त्रण गर्नुपर्ने विषयमा समेत छलफल भएको छ ।

समाजवादी मोर्चामा भने ४ दल छन् । ४ असार २०८० मा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र विप्लव नेतृत्वको नेकपाले समाजवादी मोर्चा बनाएका थिए ।

तर, पछिल्लो समय उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल समाजवादी मोर्चामा सक्रिय छैन । गत बिहीबार माओवादी र एकीकृत समाजवादीका शीर्ष नेताहरूको भेटमा उपेन्द्र यादवलाई मोर्चामा सक्रिय बनाउने विषयमा छलफल भएको थियो । छलफलपश्चात् यादवलाई मोर्चामा सक्रिय गराउने जिम्मा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाललाई दिइएको छ । नेताहरूका अनुसार विपक्षी दलहरू एकै ठाउँमा केन्द्रीकृत हुने सम्भावना कम छ । यस कारण २ मोर्चामा विभाजित भएर पनि केन्द्रीकृत हुने प्रयास गरेका हुन् ताकि २ वटा मोर्चामा रहेर भए तापनि संविधान संशोधनलगायतका एजेन्डामा सहकार्य गर्न सकियोस् भन्नेमा नेताहरू छन् ।

**आगोको...**

संरचना ध्वस्त पारिसकेको छ ।

हाल कम्तीमा ६ स्थानमा डढेलो फैलिइसकेको छ । तीमध्ये सबैभन्दा ठूलो डढेलो पालिसेड्स क्षेत्रमा छ । त्यस्तै, इटन, केनेथ, आर्चर, हर्स्ट, लिडियालगायत स्थानका करिब ३८ हजार एकड क्षेत्र जलिरहेको छ ।

अधिकारीहरूका अनुसार डढेलोले १२ हजारभन्दा बढी घर तथा अन्य संरचना नष्ट पारिसकेको छ । डढेलोले ६० वर्ग माइलभन्दा बढी क्षेत्रफल जलेको र हजारौं मानिसहरूलाई विस्थापित गरेको अमेरिकी अधिकारीहरूले जनाएका छन् ।

लस एन्जलसमा धुवाँ र खरानीका कारण हावाको गुणस्तर खराब भएको छ । लस एन्जलसका अधिकारीहरूले स्थानीय स्वास्थ्य आपत्काल घोषणा गरेका छन् । वायुको गुणस्तर निकै प्रदूषित रहेको अधिकारीहरूले बताएका छन् । खरानीका सूक्ष्म कण र धुवाँले आकाश ढाकिएको छ । प्रशासनले मृतकको संख्या अझै बढ्न सक्ने जनाएको छ ।

प्यालिसेड्स क्षेत्रमा कम्तीमा २२ हजार ६०० एकडभन्दा धेरै क्षेत्रमा डढेलो फैलिएको छ ।

राष्ट्रिय मौसम सेवाले बुधबारसम्म लस एन्जलस र भेन्चुरा काउन्टीमा डढेलोको गम्भीर जोखिम कायमै रहने चेतावनी दिएको छ । आगलागीका कारण लस एन्जलसमा विद्युत् आपूर्ति बन्द छ । लस एन्जलसका करिब ३५ हजार घर बिजुलीविहीन छन् ।

**२७० अर्ब अमेरिकी डलरको क्षति**

मौसम अनुगमन कम्पनीले आगलागीबाट आर्थिक क्षतिको प्रारम्भिक अनुमान गरेको विवरण आएको छ । कम्पनीले आगोबाट करिब २७० अर्ब अमेरिकी डलरसम्मको क्षति भएको अनुमान गरेको छ ।

हालसम्म सयौं घर र गाडीहरू जलेका छन् । एटीएम काउन्टरहरू भग्नावशेषमा परिणत भएका छन् । हावाहुरीले रूखहरू ढलेका छन् ।

**कसरी फैलियो डढेलो ?**

क्यालिफोर्निया डिपार्टमेन्ट अफ फरेस्ट्री एन्ड फायर प्रोटेक्सन (क्याल फायर) का अनुसार पहिलो आगलागी लस एन्जलसको छिमेक प्यासिफिक प्यालिसेड्सबाट सुरु भएको थियो ।

हालको डढेलो क्यालिफोर्नियाको इतिहासको सबैभन्दा ठूलोमध्येको एक भनिएको छ । यद्यपि, यो डढेलो लाग्नुको कारण भने पत्ता लागेको छैन । अनुसन्धानकर्ताहरूले डढेलोको कारण पत्ता लगाउने प्रयास गरिरहेका छन् । डढेलोको अनुकूल अवस्था सिर्जना हुनुमा भने धेरै कारणहरू रहेका विभिन्न सञ्चार माध्यमहरूले बताउँदै आएका छन् ।

क्यालिफोर्नियामा सामान्यतया जुन र जुलाई महिनामा डढेलो लाग्ने गर्छ । तर, यस वर्ष हिउँदको सबैभन्दा जाडो हुने महिना जनवरीमै डढेलो लागेको छ । हाल डढेलो लागेको दक्षिण क्यालिफोर्नियामा लगातार खडेरी छ । त्यहाँ महिनौंदेखि वर्षा भएको छैन ।

अमेरिकाको इन्भाइरोमेन्टल प्रोटेक्सन एजेन्सी (इपीए)को रिपोर्टका अनुसार जलवायु परिवर्तनले धेरै क्षेत्रमा डढेलो फैलाउन र डढेलोको संख्या बढाउन योगदान गरेको छ ।

विज्ञहरूले यस वर्षको मौसम अवस्था अझ खराब हुने चेतावनी पनि दिएका छन् । अमेरिकी सञ्चार माध्यमहरूका अनुसार डढेलो नियन्त्रणलाई सघाउन अमेरिकाका अन्य राज्यका अग्निनियन्त्रक र अन्य देशका अग्निनियन्त्रकहरू पनि क्यालिफोर्निया पुगेका छन् ।

**हलिउड ठप्प**

डढेलोके कारण हलिउडका केही भागहरू पनि ठप्प भएका छन् । ओस्कार मनोनयन, क्रिटिक्स च्वाइस अवार्ड तथा धेरै चलचित्र प्रिमियरहरू स्थगित भएका छन् । डिज्नीले आफ्नो मुख्यालय बन्द गरेको छ ।

डढेलोले हलिउड फिल्मसँग सम्बन्धित थुप्रै संरचनाहरूमा पनि क्षति पुगेको छ ।

**पानी अभाव**

डढेलो नियन्त्रणको क्रममा पानीको अभावका कारण ठूलो चुनौती सामना गर्नुपरेको छ । विशेषगरी प्यालिसेड्स क्षेत्रमा फैलिएको डढेलो नियन्त्रणमा पानीको अभाव भएको छ ।

अधिकारीहरूका अनुसार हाइल्यान्ड्स जस्ता उचाइको क्षेत्रको लागि पानी भण्डारण गर्ने ट्याङ्कीहरू र तिनमा पानी पठाउने पम्पिङ प्रणालीहरूबीचको तालमेल नमिल्दा पानीको अभाव भएको हो । लस एन्जलसको जल विभागका प्रमुख कार्यकारी अधिकृत जनिस क्विनोनेसका अनुसार सामान्यभन्दा ४ गुणा बढी माग भएको कारण पानी आपूर्ति व्यवस्थापनमा समस्या देखिएको छ ।

यसअघि सन् २०१८ मा क्यालिफोर्नियाको प्याराडाइज शहरमा लागेको 'क्याम्प फायर' १ लाख ५० हजार एकडभन्दा बढी क्षेत्रमा फैलिएको थियो । यो क्यालिफोर्नियाको इतिहासकै सबैभन्दा घातक डढेलो मानिन्छ । डढेलोमा शहरको ९५ प्रतिशत भाग जलेको थियो ।

त्यस्तै, २०१८ नोभेम्बरमा लागेको डढेलोमा ८५ जनाको मृत्यु भएको थियो भने झण्डै १९ हजार भवन र संरचनाहरू नष्ट भएका थिए । यो डढेलो १७ दिनपछि नियन्त्रणमा आएको थियो । यसैगरी, २०२१ जुलाईमा लागेको डिक्सी फायरले बुट, लासेन, प्लुमास, शास्ता र तेहामा काउन्टी क्षेत्र गरी ९ लाख ६३ हजार ३०९ एकडमा क्षेत्र फैलिएको थियो । यो डढेलो १०४ दिनसम्म लम्बिएको थियो ।

सन् २०१८ जुलाईमा लागेको मेन्डोसिनो कम्प्लेक्स फायर मेन्डोसिनो, लेक, कोलुसा र ग्लेन काउन्टी गरी कुल ४ लाख ५९ हजार २३ एकड क्षेत्रमा फैलिएको थियो । यो डढेलोले २८० संरचना नष्ट गरेको थियो । सन् २०१८ को नोभेम्बरमा लागेको वुल्सी फायर भेन्चुरा र लस एन्जलस काउन्टीहरूमा फैलिएको थियो । यो डढेलोले १ हजार ६४३ संरचना नष्ट भएका थिए भने ८८३ जनाको मृत्यु भएको थियो ।

**गुलाबी वर्षा**

आगो नियन्त्रण गर्न विमानहरूबाट आगोमाथि गुलाबी रङको तरल पदार्थको वर्षा गराइएको छ । यो आगो निरोधक अर्थात् आगो वा जल्ने प्रक्रियालाई ढिलो बनाउने पदार्थ हो । यो गुलाबी पदार्थ पानी, नुन (रसायन) र मलको मिश्रण हो । यसमा मूलत: अमोनियम फोस्फेट भएको घोल हुन्छ ।

आगो जल्न अक्सिजन चाहिन्छ तर यो रासायनिक मिश्रणले आगोमा अक्सिजन आपूर्ति रोक्छ । यो अमोनियम पोलिफोस्फेट जस्ता लवण (रसायन)बाट बनेको हुन्छ, जुन पानी जस्तै सजिलै वाष्पीकरण हुँदैन तर लामो समयसम्म सतहमा रहन्छ ।

यसले गर्दा सतहमा जहाँ आगो हुन्छ, त्यहाँ अक्सिजन आपूर्ति हुन सक्दैन र आगोको ज्वाला सुस्त हुन्छ । यसरी यो तरल पदार्थले आगो फैलिनबाट रोक्ने काम गर्छ ।

आगो निभाउन प्रयोग गरिने यो रसायन गुलाबी रङको हुन्छ । अग्निनियन्त्रकहरूले यो कहाँ प्रयोग गरिएको हो पहिचान गर्न सजिलो होस् भनेर यसमा रङ दिइएको हो । यो रसायनले मानिस र वातावरणमा प्रतिकूल असर पार्ने भन्दै यो प्रविधि पनि विवादास्पद छ ।

**बेलायती...**

बेलायतद्वारा वित्त पोषित विकास परियोजनाहरूको पनि निरीक्षण गर्ने छन् । एडवर्ड र सोफीलाई सगरमाथा क्षेत्रको पर्यटकीय उडानका लागि लैजाने तयारी भइरहेको छ । उनीहरू अन्नपूर्णको फेदको अन्वेषण गर्न धान्दुक क्षेत्रमा पनि पदयात्रा गर्ने छन् ।

नेपालको परराष्ट्र मन्त्रालयले पनि बेलायती राजपरिवारका सदस्यहरूको भ्रमणको पुष्टि गरेको छ । काठमाडौंस्थित बेलायती दूतावाससँग परामर्श गरेपछि मात्र उनीहरूको भ्रमण कार्यक्रमको विवरण प्रकाशन गरिने मन्त्रालयले जनाएको छ ।

यसअघि राजकुमार ह्यारीले २०१६ मार्चमा ११ दिनको नेपाल भ्रमण गरेका थिए । त्यस क्रममा उनले काठमाडौं, बर्दिया र पोखरा भ्रमण गरेका थिए । राजकुमार फिलिपले सन् २००० मा पनि नेपालको भ्रमण गरेका थिए ।

**सिन्डिकेटको...**

औद्योगिक क्षेत्रपछि क्रमश: निर्माण, सर्भिस, वृक्षरोपण अर्थात् प्लान्टेसन, कृषि र घरेलु कामदारको हैसियतमा विदेशी कामदार रहेका छन् ।

मलेसियाको नयाँ कोटा खुलाउँदा कामदारको भर्ना प्रक्रियामा कुनै शुल्क नलाग्ने इम्प्लोइमेन्ट पे मोडलका आधारमा मात्र विदेशी कामदारको एप्रुभल खुलाउनुपर्ने बाध्यता मलेसियाका रोजगारदाताहरूलाई छ । यसका अतिरिक्त भर्ना प्रक्रियामा कामदारहरूबाट कुनै पनि शुल्क नलिने र त्यस प्रक्रियामा एजेन्टहरूलाई निषेध गरेको सुनिश्चितता गर्नु मलेसियाका रोजगारदाताहरूलाई बाध्यता पनि छ । बेलायती अधिकारकर्मी एन्डी हललगायतका व्यक्ति र ह्युमन राइट वाच जस्ता संस्थाहरूले मलेसियाका रोजगारदाताले 'शून्य लागत' भर्ना नीति अभ्यास गरे/नगरेको सूक्ष्म तरिकाबाट निगरानी गरिरहेका छन् । केही दिनअघि मात्र २४१ बंगलादेशी कामदारबाट भर्ना प्रक्रियामा जथाभावी पैसा लिन एजेन्ट प्रयोग गर्ने गरेको आरोपमा मलेसियामा रहेको जापानी कम्पनी कावागुची म्यानुफ्याक्चरिङ एसडीएन बीएचडीमाथि आप्रवासी कामदारको शोषणविरुद्ध अमेरिकी अदालतमा मुद्दा दर्ता हुने सार्वजनिक भएको छ ।

उक्त मुद्दा प्रक्रियामा प्रत्यक्ष संलग्न आप्रवासी कामदार अधिकारकर्मी एन्डी हलले नेपाल आउने बहुराष्ट्रिय कम्पनीको डिमान्डमा कामदार छनोट प्रक्रियामा चासो राखिरहेका छन् । त्यसका लागि उनले विभिन्न एजेन्टसमेत परिचालन गरेर सूचना संकलन गरिरहेका बताइन्छ ।

मलेसियाले रबरसहित, तयारी पोसाक, विद्युतीय सामानहरू युरोपेली मुलुकहरूमा निर्यात गरिरहेको छ । यस्तो अवस्थामा मलेसिया जाने कामदार भर्नाको प्रक्रिया स्वच्छ तथा पूर्ण रूपमा मर्यादित भएको सुनिश्चितता हुन जरुरी छ । तर, त्यसअघि नै मलेसियाबाट डिमान्ड ल्याउने र कामदार पठाउने विषयमा प्रत्यक्ष तथा अप्रत्यक्ष सिन्डिकेट, बिचौलिया र अनुचित रकम असुली जस्ता विषय चर्चामा आए ।

त्यसले लामो समयपछि खुल्न लागेको मलेसियाको रोजगारीबाट नेपाल नै बिमुख हुन सक्ने खतरा उत्पन्न हुने कतिपयले टिप्पणी गरेका छन् । त्यसका लागि मलेसियास्थित नेपाली दूतावास विशेष चनाखो हुनुपर्ने उनीहरूको सुझावसमेत छ ।

के मलेसियाको रोजगारीमा सिन्डिकेट सम्भव छ ? मलेसियाको रोजगारीमा सिन्डिकेटको हल्ला चलाउने को हो ? यसबारे व्यवसायीहरूका अलावा विभिन्न क्षेत्रमा यसको खोजबिन भइरहेको छ । सम्बद्ध सूत्र भन्छ, 'यो साउदी, कतारतिर विभिन्न बहानामा विभिन्न खालका सिन्डिकेट चलाइरहेकाहरूको खेती हो । मलेसियामा सिन्डिकेट हुँदै छ भनेर हल्ला चलाउने र खुल्न लागेको मलेसियाको रोजगारीलाई डिस्टर्ब गराउने नै यो गिरोहको खेल हो । मलेसिया बन्द भइरहँदा साउदी र कतारका धन्दावालहरूलाई कामदार फत्लाफत्ल प्राप्त भइरहन्छ र उनीहरू सिरानीमा पैसा गन्न मस्त हुन्छन् । उनीहरूलाई डर छ- मलेसिया खुलेमा साउदी, कतार जानेहरू सबै मलेसियातिर जाने छन् र उनीहरूको आम्दानी घट्ने छ ।'

**साउदीको...**

त्यस्ता कामदारहरूलाई प्रवेश गर्न अनुमति दिन सूचित गरेको छ । नयाँ निर्णय मंगलबारदेखि लागू भएको छ । एक्जिट/पुन: प्रवेश भिसा लिएर साउदी अरेबिया छाडेर ३ वर्ष बितिसक्दा आफ्नो वैध अवधिभित्र नफर्केका आप्रवासीलाई पुन: प्रवेशमा रोक लगाउने प्रतिबन्ध हटाइएको साउदी राहदानी निर्देशनालयले जनाएको छ । विज्ञहरूले यो निर्णय साउदी अधिकारीहरूले श्रम र लगानीको वातावरणमा ल्याएका लगातार सुधारहरूको हिस्सा भएको बताएका छन् ।

**Kuwait मा रोजगार**

कम्पनी FIRST GROUP CO. FOR GEN TRAD. & CONT. शहर: Kuwait पूर्व स्वीकृति मिति: २०८१/०८/०७ L.T. No.: 295376

| क्र.सं. | [illegible] | [illegible] | | [illegible] | मासिक तलब | | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 15 | 0 | [illegible] | 160 | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| 2. | labour | 157 | 0 | [illegible] | 100 | [illegible] | | | | | | | |

अन्तर्वार्ता अवटोपस ट्रेनिङ सेन्टर, दमक, झापामा २०८१ माघ ९ गते (22 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता मलुक ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८१ माघ १० गते (23 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर, इटहरी, सुनसरीमा २०८१ माघ ११ गते (24 January 2025) मा हुनेछ ।

अल जराफा ह्युमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोन: ०१-४५९८१६९, ४५९३८७८
मोबाइल नं.: ९८०२३५५३९५, ९८०२३५५३९६, ९८०२३५५३९७

भैरवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भैरिकालिकाथुम, दैलेख
कर्णाली प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८१-१०-२**

भैरवी गाउँपालिका कार्यालयको पशु औषधी तथा सामाग्री खरिदका लागि तपशिल बमोजिम सिलबन्दी दरभाउपत्र माग गरिएकोले योग्यता पुगेका नेपाली फर्म/ कम्पनी/ सप्लायर्सहरुको जानकारीको यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| IBRN | Description | Submission date | Bid document fee | Bid security | Remarks |
|---|---|---|---|---|---|
| BRM/VMED/SQ/04/2081/82 | Procurement of Veterinary Medicine & Equipment Supply | Last date of submission 2081/10/16 | NRs 1,000 | 25,000 | |

नोट: थप जानकारीको लागि www.bopatra.gov.np/egp हेर्नुहोला ।

(भक्त बहादुर मल्ल)
प्रमुख प्रशासकीय अधिकृत

# विपीन जोशीको रिहाइको पहल गर्न कतारसँग आग्रह



**काठमाडौं/मस-** हमास समूहको नियन्त्रणमा रहेका नेपाली विद्यार्थी विपीन जोशीको रिहाइका लागि परराष्ट्र मन्त्रालयले कूटनीतिक पहल जारी राखेको छ ।

हमास समूहले आफ्नो नियन्त्रणमा रहेकामध्ये ३४ जनालाई रिहा गर्न लागेको समाचार आएपछि परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले हमाससँग सम्पर्कमा रहेका र युद्धविरामका लागि मध्यस्थता गरिरहेका देशहरूलाई जोशीको रिहाइका लागि थप पहल गरिदिन आग्रह गरिरहेकी छिन् ।

यसै क्रममा मन्त्री डा. राणाले मंगलबार कतारका विदेश राज्यमन्त्री डा. मोहम्मद बिन अब्दुलाजिज अल खुलाइफीसँग फोनवार्ता गरेकी छिन् । मन्त्री डा. खुलाइफी कतार सरकारका तर्फबाट हमाससँगको शान्तिवार्ताका लागि प्रमुख वार्ताकार एवं मध्यस्थकर्ता छिन् ।

वार्तामा मन्त्री राणाले कतारका मन्त्री डा. खुलाइफीलाई जोशीको रिहाइका लागि विशेष पहल गरिदिन आग्रह गरिन् ।

मन्त्री राणाले कतार नेपालको सदैव हितैषी मित्रराष्ट्र रहेको प्रसङ्ग उल्लेख गर्दै कतारले हमाससँगको सम्पर्कमा रहेर शान्ति वार्ताका लागि युद्धविराम गराउन विशेष पहल गरिरहेकाले नेपाली युवा विपिन जोशीको रिहाइका लागि पनि विशेष पहल गरिदिन अपिल गरिन् ।

जवाफमा मन्त्री डा. खुलाइफीले हमासलाई इजरायलसँग युद्धविराममा ल्याउने विषय सकारात्मक रूपमा अघि बढिरहेको जानकारी गराउँदै हमासको अपहरणमा रहेकाहरूको मुक्तिका लागि कतार सरकारले पहल गरिरहेको बताए ।

मन्त्री खुलाइफीले जोशीको रिहाइलाई अपिल गर्ने कुरा पनि आफूहरूले प्राथमिकतामा राखेको बताउँदै पहिलो चरणमा उनीहरूले केही बन्दी रिहा गर्ने सूचना दिएकाले सकेसम्म पहिलो चरणमै र त्यो सम्भव नभएमा बाँकीको रिहाइका क्रममा जोशी अपहरण मुक्त हुनेमा आफू विश्वस्त रहेको बताए ।

यसअघि मन्त्री राणाले इजिप्ट सरकारलाई पनि जोशीको रिहाइमा सहयोग गरिदिन आग्रह गरेकी थिइन् । इजिप्ट सरकार पनि हमासको सम्पर्कमा रहेर युद्धविरामका लागि पहल गरिरहेको छ । गत हप्ता उनले नेपालका लागि इजिप्ट र कतारका राजदूतमार्फत दुवै देशसँग जोशीको रिहाइका लागि विशेष पहल गरिदिनका लागि आग्रह गरेकी थिइन् ।

यसअघि उनले गत हप्ता नै नेपालका लागि इजरायली राजदूत समुलिक एरी बासमार्फत् इजरायल सरकारसँग पनि सो आग्रह गरेकी थिइन् ।

सन् २०२३ को अक्टोबरमा इजरायली भूमिमा आक्रमण गरी प्यालेस्टाइनी समूह हमासले १० जना नेपालीसहित एक हजारभन्दा बढी व्यक्तिको हत्या गरेका थिए । त्यसलगत्तै उनीहरूले केही व्यक्तिलाई अपहरण गरी लगेकामा जोशी पनि रहेका छन् ।

# नेपाल प्रहरीका २५ एसपीलाई एसएसपीमा बढुवा गर्न सिफारिस, ४ जिल्ला रिक्त



**काठमाडौं/मस-** सरकारले नेपाल प्रहरीका २५ प्रहरी उपरीक्षक (एसपी)लाई प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) पदमा बढुवाका लागि सिफारिस गरेको छ ।

गृह मन्त्रालयअन्तर्गत बढुवा समितिले नेपाल प्रहरीका जनपद प्रहरी समूहतर्फका उनीहरूलाई २९ पुसमा बसेको बैठकले सोही समूहतर्फ बढुवाका लागि सिफारीस गरेको हो ।

जसअनुसार नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालय नक्सालमा कार्यरत रेशम थापा सूचीको पहिलो नम्बरमा छन् ।

त्यसपछि क्रमशः अजय केसी, अनुपम शम्शेर जबरा, बीरबहादुर बुढामगर, नवराज अधिकारी, कृष्णप्रसाद कोइराला, होबिन्द बोगटी, कृष्णप्रसाद पंगेनी, गोविन्द अधिकारी, विनोद सिलवाल, श्याम कुमार महतो, बेद विष्ट, शिवकुमार श्रेष्ठ, प्रकाश मल्ल, शान्तिराज कोइराला, जनार्दन जोसी, रञ्जु सिग्देल, सन्तोष खड्का, सन्तोष कुमार भट्टराई, राजेन्द्रप्रसाद धमला, सन्तोषसिंह राठौर, सञ्जय सिंह थापा, बिमलराज कँडेल, महेन्द्र खड्का र प्रभुप्रसाद ढकाल बढुवा सिफारिसमा परेका हुन् । बढुवा समितिले प्रहरी नियमावली, २०७१ को नियम २७ को उपनियम ४ अनुसार उनीहरूलाई सिफारिस गरेको हो ।

यसरी बढुवा भएपछि प्रहरी उपरीक्षक प्रमुख रहने चार जिल्ला प्रमुख पद रिक्त भएको छ । एसएसपी बढुवा सिफारिसमा बारा प्रहरी प्रमुख एसपी महेन्द्र खड्का, सिन्धुपाल्चोक प्रहरी प्रमुख एसपी सन्तोष खड्का, नुवाकोट प्रहरी प्रमुख एसपी शान्तिराज कोइराला र इलाम प्रहरी प्रमुख एसपी प्रभु ढकाल परेका छन् ।

उनीहरू एसएसपीमा बढुवा सिफारिस भएसँगै ती जिल्लामा नयाँ एसपी पठाउने तयारी प्रहरी प्रधान कार्यालयले गरेको छ ।

ती बाहेक पर्सा, रुपन्देही, बाँके, गोरखा, काभ्रे, कञ्चनपुर, झापा, बागलुङ, कैलाली, डोटी, गुल्मी, मोरङ, सुर्खेतलगायत जिल्लामा प्रमुख रहेका एसपीहरूको १ वर्ष समयावधि पुगेकाले नयाँ पठाउने तयारी प्रहरी प्रधान कार्यालयको छ ।

# नुहाउन, खिचडी खान 'रिहारझ'



**सपना बोहरा/मध्यान्ह**
दाङ, १ माघ

माघे संक्रान्ति पर्वको अवसरमा दाङको रिहार बगार बाबा धाममा मंगलबार बिहानैदेखि भक्तजनहरूको घुइँचो लागेको छ । विशेषगरी भारतबाट माघे संक्रान्तिको दिन स्नान गर्न खिचडी खानका लागि लाखौं तिर्थालुहरू आउने गर्दछन् ।

बगार बाबा धार्मिक विकास क्षेत्र रिहार धाममा तिर्थालुको अत्यधिक घुइँचो हुन्छ । धाममा रहेको तप्तकुण्डमा स्नान गरेपछि छाला सम्बन्धी रोग निको हुनेविश्वासका साथ महिला, पुरुष तथा बालबालिकाहरू स्नान गर्छन् ।

लमही नगरपालिका वडानम्बर-९ रिहारस्थित मेलामा ८० प्रतिशत भक्तजन भारतका विभिन्न स्थानबाट आउने गरेको बगार बाबा धार्मिक विकास क्षेत्रका अध्यक्ष रविन्द्र खत्रीले जानकारी दिए । हजारौं हजार वर्ष पुरानो इतिहास भएको द्वापरयुगमा ऋषिमुनिहरूले विहार गरेको हुँदा यो ठाउँको नाम ऋषिविहारबाट रिहार रहन गएको धार्मिक विश्वास रहेको खत्रीले बताए ।

खत्रीका अनुसार रिहारमा द्वापरयुगमा ग्वालाहरूले गाई चराउने र गाईले बगारबाबालाई दुध चढाउने गरेको किम्बदन्ती छ । धाममा रहेको तप्तकुण्डमा नुहाएपछि शिव मन्दिरमा दुध चढाउने गर्छन् । त्यसपश्चात तप्तकुण्डको पानीले खिचडी पकाएर खाने गर्दछन् । धर्मात्मा मान्छेले पकाएको खिचडी छिटो र स्वादिष्ट पाक्ने, अधर्मी मानिसले पकाएको खिचडी नपाक्ने विश्वास छ । पुस मसान्तको अन्तिम र माघे संक्रान्तिको दिनभर ठूलो मेला लाग्ने गर्दछ ।

रिहार धाममा धौंते पशु, मामीसौरी, बराह भर्जनी मन्दिर, गणेश मन्दिर, शिव मन्दिरजस्ता धार्मिक संरचना छन् । धार्मिक आस्थाको केन्द्र रिहारमा बगारबाबाको पूजा गर्दा बगारबाबा खुसी भएमा सन्तान र सम्पत्ति प्राप्त हुने धार्मिक विश्वास रहेको खत्रीको भनाइ छ ।

त्यस्तै मेलामा युवाहरूका बीचमा ढुंगो बोक्ने अनौठो चलन छ । मेलामा तिर्थालुहरूको बगार बाबा ढुंगो उचालेर बगार बाबा मन्दिरको परिक्रमा गरेपछि चिताएका कुरा पुरा हुने धार्मिक विश्वास छ । पूर्वपश्चिम राजमार्गसँग जोडिएको रिहार नेपाल सरकारले बगरबाबा धार्मिक पर्यटकीय स्थललाई एकसय नयाँ तथा विकास गरिनुपर्ने पर्यटकीय गन्तव्यको सूचीमा राखेको छ ।

# अपराध नियन्त्रणमा सफल भएको अर्घाखाँची प्रहरीको दाबी



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १ माघ

जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले अपराध नियन्त्रणमा सफल भएको दाबी गरेको छ ।

जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीमा आयोजना गरिएको नियमित पत्रकार सम्मेलनमा बोल्दै प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले अर्घाखाँचीका नागरिकलाई शान्ति सुरक्षा प्रत्याभूत दिलाउने अफ्नो पहिलो प्राथमिकता भएकोले सोही अनुसार काम गरिरहेको बताए ।

उनले जनताको गुनासो सुन्न र शान्ति सुरक्षाको अवस्था बुझ्नका लागि प्रहरीले गरिरहेका नियमित कामहरु कस्ता छन् ? भन्ने जनताको राय सुझाव लिन प्रहरीले जनतासँग नागरिक सुनुवाइ कार्यक्रम सुरु गरिएको बताए । उनले जनता र प्रहरीको समन्वयमा जिल्लामा हुने आपराधिक घटनालाई न्यूनीकरण गर्दै गएको बताए ।

मल्लले भने, 'कहिंकतै हामिबाट कमी/कमजोरी भए जनताबाट सुझावको अपेक्षा राख्छौं । जनताको सकारात्मक सहयोगको प्रहरीले अपेक्षा गरेको छ ।' अर्घाखाँचीमा हुने विभिन्न प्रकारका जुवातास, लागुऔषध, चोरी तस्करी, आत्महत्या जस्ता गतिविधिलाई न्यूनीकरण गर्न प्रहरीले प्रयास गरिरहेकाले नागरिकले सहयोग गरेमा समाजमा हुने अपराध नियन्त्रण गर्न प्रहरीलाई सहयोग पुग्ने उनले बताए ।

प्रहरी नायब उपरीक्षक मल्लले जनतासँग राम्रो सम्बन्ध राख्न प्रहरीमैत्री भएर काम गर्ने संकल्प व्यक्त गरे । उनले जिल्ला प्रहरी प्रमुखको हैसियतमा यस क्षेत्रको अपराध अनुसन्धानलाई पारदर्शी बनाउने,प्रत्येक प्रहरी युनिटहरुमा आर्थिक पारदर्शीता कायम गराउने, मानव अधिकारको पूर्ण पालना गर्ने, गराउने विपद् व्यवस्थापनमा प्रहरीको भूमिकालाई उच्च बनाउने, सीमासँग जोडिएर हुने गरेका तस्करी र अन्य अपराधका घटनालाई न्यूनीकरण एवं नियन्त्रण गर्ने जस्ता महत्वपूर्ण काम प्रहरीले गरिरहेको दाबी गरे । पत्रकार सम्मेलनमा जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले गरेको पुस १ गतेदेखि माघ १ गते सम्मको प्रगतिका बारेमा जानकारी दिएका थिए । मल्लका अनुसार पुस महिनामा फरार प्रतिवादी ६ जना पक्राउ गरी कारागार चलान गरिएको छ भने शन्धी गाउँपालिका वडा नम्बर १ दाङ घर भएका वर्ष ४६ का वीरबहादुर खत्रीलाई लागुऔषधसहित पक्राउ गरिएको छ । यस्तै छत्रदेव गाउँपालिका वडा नम्बर ४ मधुराका ज्यान सम्बन्धी कसुरमा फरार रहेका वर्ष ४७ का केशव खनाल पनि पुस महिनामा पक्राउ परेको प्रहरीको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदन अनुसार लागुऔषधमा ४ जना पक्राउ परेका छन् भने जिल्ला प्रहरी कार्यालयमा मुद्दाको संख्या घटेको छ । अहिले प्रहरी कार्यालयमा १ महिनामा ८ वटा मुद्दा दर्ता भएकोमा २ मुद्दा किनारा लागेका छन् भने फैसला हुन बाँकी ६ वटा मुद्दा रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी विष्णु प्रसाद पोखेलले बताए ।

# सुत्केरीलाई भाले वृद्धलाई लौरो



**सरु भुसाल/मध्यान्ह**
गोरखर्क, १ माघ

कपिलवस्तु, कृष्णनगर नगरपालिका वडा नम्बर ३ र ५ मा रहेको रहताल सामुदायिक वनका गर्भवती सुत्केरीलाई कुखुराको भाले उपहार दिन थालेपछि स्थानीय उपभोक्तातै चकित पर्न थालेका छन् । 'सुत्केरीसँग सामुदायिक कार्यक्रम'मार्फत भाले उपहार दिन थालेकाले त्यहाँका उपभोक्ताहरु दंग छन् । सामुदायिक वनका अध्यक्ष पद्मबहादुर बेल्वासेले भने, 'शिशु र आमाको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति हुनुपर्छ भन्ने सन्देश दिन र सामुदायिक वनप्रति सधैं उपभोक्ता जिम्मेवार हुनुपर्छ भन्ने सन्देश दिनका लागि समुदायमा विभिन्न खालका सामानहरु वितरण गर्ने गरिएको हो । सामाजिक उत्तरदायित्व अन्तर्गत कुखुराको भाले हर्लिक्स ब्लाङ्केट, ज्याकेट उपहार दिएका छौं ।'

उनले थपे, 'गर्भ र सुत्केरी परीक्षण गराइ बच्चा र आमाको स्वास्थ्य तथा पोषणमा सुधार ल्याउन सुत्केरीलाई भेट्न जाँदा सामुदायिक वनका अध्यक्ष पदाधिकारीले अब वर्षमा १ पटक भाले लिएर घरमै जाने योजना बनाएका छौं ।'

उनका अनुसार घरमा असुरक्षित प्रसूति हुने र नियमित गर्भपरीक्षण नगराउने समस्या हटाउन स्थानीय सरकाले मात्रै होइन् सामुदायिक वनले पनि अभियान सुरु गरेका छन् भन्ने सन्देश दिनेगरी उपहारसहित विभिन्न सन्देशमूलक अभियान सामुदायिक वनले सञ्चालन गर्ने योजना अनुरुप सुरुवात गरिएको हो ।

तोकिएको मितिमा आठपटक गर्भ र सुत्केरी परीक्षण गर्दा हरेक पटक एक-एक केट र संस्थागत प्रसूति हुनेलाई एक कुखुराको भाले दिने सामुदायिक वनले योजना बनाएको छ । संस्थागत सुत्केरी हुनेलाई संघीय सरकारले यातायात खर्चबापत दुई हजार र गर्भपरीक्षण गर्नेलाई थप आठ सय उपलब्ध गराउने गरेको छ । अन्दा, हर्लिक्स र भाले अब सामुदायिक वनको सिमित बजेटबाट उपलब्ध गराउन सुरु भएको छ । कपिलवस्तुको रहतकोल सामुदायिक वन प्राङ्गणमा आयोजना गरिएको अतिवृद्ध, अपाङ, दृष्टिविहीन, सुत्केरी महिला, युवा क्लब र प्रहरीलाई सामग्री वितरण कार्यक्रममा २२ जना सुत्केरी महिलालाई कुखुराका लोकल भाले र हर्लिक्स वितरण गरिएको थियो । सामाजिक उत्तरदायित्व अन्तर्गत यहाँका ८० वर्षमाथिका ३० जना वृद्धवृद्धालाई पनि सम्मान गरी विभिन्न सामग्री वितरण गरिएको सामुदायिक वनका अध्यक्ष बेल्वासेले बताए ।

७ सय ४७ घरधुरी रहेको सो वनको काठ र दाउरा बिक्रीबाट आएको आम्दानीबाट ३० जना वृद्ध, जेष्ठ नागरिकलाई हिँड्न सहज सहज होस् भन्दै एउटा लौरो, न्यानो फाइबर सिरक वितरण गरिएको थियो । त्यस्तै २२ जना सुत्केरी महिलालाई लोकल कुखुराका भाले र हर्लिक्स वितरण गरिएको छ । ८ जना समूहका उपभोक्ता अपागलाई फाइबर सिरक र दुई युवा क्लबलाई खेल सामग्री वितरण गरिएको छ । जनजागृति युवा क्लब र हगुरिया सांस्कृतिक युवा क्लबलाई खेल खेल्नका लागि भन्दै दुईवटा फुटबल, ११ थान खेलका ड्रेस उपलब्ध गराएको थियो ।

त्यस्तै प्रहरीका लागि १५ थान ज्याकेट उपलब्ध गराइएको रहतावल सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष बेल्वासेले बताए । आगामि दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने समूहको योजना छ ।

# 'माया घर' निर्माणमा सद्भाव युवा समाजको आर्थिक सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, १ माघ

अनाथ बालबालिकाहरूको आश्रय स्थल 'माया घर' को निर्माणका लागि सद्भाव युवा समाज नेपाल कतारले आर्थिक सहयोग गरेको छ ।

कीर्तिपुर नगरपालिका ४ गाम्चास्थित महिला तथा बाल विकास मञ्च नेपालद्वारा सञ्चालित अनाथ बालबालिकाहरूलाई आश्रय दिएर राखिएको 'माया घर' को नयाँ भवन निर्माण को लागी समाजले ९१ हजार रुपैयाँ नगद सहयोग गरेको हो ।



आइतबार एक कार्यक्रमकाबीच माया घरका सञ्चालक दुर्गा आचार्यलाई सद्भाव युवा समाज नेपालका अध्यक्ष प्रदीप रुपाखेतीले उक्त रकम हस्तान्तरण गरेका हुन् । 'निर्माणाधीन भवनलाई ईंट्टा थप गर्न हामीले सानो सहयोग गरेका हौं र नयाँ भवन समयमै सम्पन्न हुने आशा गर्दछु' अध्यक्ष रुपाखेतीले भने ।

१४ वर्षदेखि सञ्चालित माया घरमा हाल २८ जना बालबालिकाले आश्रय लिइरहेको र भवन निर्माणाधीन भइरहेको जानकारी पाएसँगै सद्भाव युवा समाज कतारका संरक्षक तथा सद्भाव नेपालका सल्लाहकार सुरेश तामाङको समन्वयमा सहयोग उपलब्ध गराइएको हो ।

माया घरका सञ्चालिका दुर्गा आचार्यको सभाध्यक्षता तथा कीर्तिपुर ४ का वडाध्यक्ष राजेन्द्र बानियाँको प्रमुख आतिथ्यतामा आर्थिक सहयोग हस्तान्तरण गरिएको हो । सद्भाव युवा समाज नेपाल कतार वैदेशिक रोजगारीको सिलसिलामा कतारको स्थानीय कम्पनी कतार एयरवेजमा कार्यरत नेपालीहरू मिलेर स्थापना गरेको सेवामुखी संस्था हो ।

# विवाहका लागि वडाको सिफारिस अनिवार्य



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १ माघ

जाजरकोटको नलगाड नगरपालिका वडा नं. ४ मा विवाह गर्दा वडाको सिफारिस अनिवार्य गरिएको छ । बालविवाह रोक्नका लागि विवाह गर्दा वडाको सिफारिस अनिवार्य गरिएको हो । वडा कार्यालयले सूचना जारी गर्दै नलगाड नगरपालिका ४ मा अधिकांश बालविवाह हुने गरेको बताएको छ ।

वडा कार्यालयका अनुसार आ.व. २०८०/०८१ मा मात्रै ३२ विवाहमा १६ विवाह बालविवाह भएको तथ्याक सार्वजनिक गरेको छ भने अर्कोतर्फ बालमैत्री वडा घोषणा गर्नुपर्ने बताएको छ । यसका लागि बालविवाह शून्य भएको हुनुपर्नेछ । सो वडामा बालविवाहको दर बढ्दो क्रममा रहेकोले मिति २०८१/०९/२३ गतेको वडा बाल अधिकार समितिको निर्णय र २०८१/०९/२६ गतेको वडा समितिको निर्णय बमोजिम नलगाड नगरपालिका वडा नं. ४ मा जुनसुकै नागरिकले विवाह गर्नुपरेमा वडा कार्यालयको सिफारिस अनिवार्य लिनका लागि सूचना प्रकाशित गरिएको छ । त्यस्ले वडाध्यक्ष बद्रीबहादुर पन्तले उमेर नपुग्दै विवाह गर्नेको संख्या बढेपछि वडा कार्यालयले वडामा विवाहका लागि सिफारिस अनिवार्य गर्नुपर्ने अवस्था आएको बताए ।

उनका अनुसार नलगाडको ४ वडामा विवाह गर्नेहरुका लागि सिफारिस अनिवार्यलाई कडाइका साथ लागू गरिएको छ । उनले भने,'कम उमेरमा विवाह हुँदा प्रजनन् स्वास्थ्यमा समस्या देखिने र आमा तथा बच्चाकै ज्यान जोखिममा पर्न थालेपछि वडाले विवाह गर्न सिफारिस अनिवार्य गरेको हो ।'

नेपालको पछिल्लो कानुनी प्रावधानअनुसार विवाहका लागि केटा र केटी दुवैको उमेर अनिवार्य रूपमा २० वर्ष पुग्नुपर्छ । उमेर नपुगी गरिने विवाह स्वत: बदर हुन्छ वा यो विवाहले कानुनी मान्यता पाउँदैन । बरु बालविवाह गर्नेलाई अधिकतम ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवै हुने व्यवस्था छ ।

सम्पादकीय

# दिवसमा सीमित नहोस्

२ माघ १९९० को शक्तिशाली र विनाशकारी भूकम्पको अनुभव गर्ने थोरै मात्र आज जीवित छन् । उक्त भूकम्पले देशको जनजीवन तहसनहस पारेको इतिहासले र भुक्तभोगीले बताउँदै आएका छन् । त्यस्ता विनाशकारी भूकम्पहरू पटकपटक गइरहेका छन् नेपालमा । नेपाल भूकम्पीय जोखिम भएको देशमा पनि पर्छ । स-साना भूकम्प त दिनहुँजसो गइरहेकै छन् तर ठूला र विनाशकारी भूकम्पका कारण देशमा पटकपटक ठूलै जनधनको क्षति हुने गरेको छ । भूकम्प प्राकृतिक विपद् हो, जसको पूर्वानुमान गर्न कठिन छ । तर, नेपाल जस्ता देशको भौगोलिक बनावट र यस देशको जमिनमुनि रहेका प्लेटहरूबारे जानकारी भइसकेको अवस्था हुँदा कुनै पनि बेला ती प्लेटहरू चलमलाउने, जुध्नेलगायतका क्रम हुन सक्ने त भूगर्भविद्हरूले भनिरहेकै छन् । र, पटकपटकका भूकम्पले त्यसलाई पुष्टि पनि गरिसकेकै छन् ।

हामीकहाँ जोखिमको अनुमान सधैंव रहिरहेको छ तर जोखिमप्रतिको सजगता र पूर्वतयारी भने पाइँदैन । भूकम्पदेखि बाढी-पहिरो, हिमपात, शीतलहरसम्म हामीलाई सताइरहने विपद् हुन् । हरेक वर्ष यस्ता विपद्ले भस्काउँछन् तर हामी समयसँगै उक्त भस्काइलाई भुलिदिन्छौं । तीनै तहका सरकारहरूलाई यसबारे राम्ररी महसुस छ तर उनीहरूले वर्षाका समयमा बाढी-पहिरोबाट, हिउँदका बेला शीतलहरबाट र अन्य बेला भूकम्प जस्ता जोखिमबाट जोगिने/जोगाउने पूर्वतयारीमा लागेका छैनन् । यसले गर्दा अचानक र अप्रत्यासित आउने भूकम्प जस्ता विपद् र पूर्वानुमानित अन्य विपद्बाट नागरिक सधैं पीडित बनिरहेका छन् ।

आज २ माघलाई भूकम्प स्मरण गर्ने दिनका रूपमा लिने गरिन्छ । नेपालमा २ माघ १९९० को विनाशकारी भूकम्पपछि पनि ५ भदौ २०४५ मा, १२ र २९ वैशाख २०७२ मा पनि त्यस्तै विनाशकारी भूकम्प गए । ती भूकम्पले ठूलै जनधनको क्षति गरे । केही समयअघि पनि जाजरकोटमा ठूलै भूकम्प गयो । त्यसको त्रास अझै कायम छ । त्यस भूकम्पबाट पीडितहरूले राहत पाउन सकेका छैनन् । उसो त २०७२ कै भूकम्पपछिको राहत र पुनर्निर्माण कार्य पूरा नभएको गुनासो कायम छ । देशमा सरकार भएको अनुभूति दिलाउने दायित्व देश चलाउनेहरूको हो । नागरिकलाई सुरक्षित र विश्वसनीय वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने दायित्व सरकारकै हो । यसर्थ, तीनै तहका सरकारहरूले विपद्अघि नै पूर्वतयारीका कार्यहरू गर्नु आवश्यक छ । अघिल्ला विपद् सम्भिएर एकछिन शोक मनाउनुको औचित्य छैन ।

# नयाँ नेपालको मार्गचित्र

*नयाँ नेपालको मार्गचित्र बनाउँदै गर्दा कस्तो कार्यदिशा निर्माण गर्ने भन्ने विषय सबैभन्दा महत्त्वपूर्ण हुन्छ । देशलाई स्वाधीन, अर्थतन्त्रलाई आत्मनिर्भर र राष्ट्रिय सुरक्षालाई जनप्रतिरक्षी बनाउनेगरी कार्यदिशा निर्माण गर्नु नै अहिलेको आवश्यकता हो...*

अग्रलेख



● राजन तिमिल्सिना

*अर्थतन्त्रलाई कसरी आत्मनिर्भर बनाउने भन्ने कुरा हाम्रो नीतिसँग पनि जोडिन्छ । राष्ट्रिय उत्पादन र उद्योगहरूको प्रवर्द्धन गर्दै प्राकृतिक स्रोत र श्रम शक्तिको अधिकतम उपयोग नीति अहिलेको आवश्यकता हो...*

'राजनीतिमा स्वाधीनता, अर्थतन्त्रमा आत्मनिर्भरता, राष्ट्रिय सुरक्षामा जनप्रतिरक्षा' भन्ने राजनीतिक कार्यदिशा राष्ट्रियतामा आधारित मौलिक राजनीतिक कार्यदिशा हो । नेपाली विशेषताको यस कार्यदिशाको मुख्य उद्देश्य देशलाई स्वायत्त, आर्थिक रूपमा सबल र सुरक्षाको दृष्टिले आत्मनिर्भर बनाउनु हो । यसले मात्र मुलुकलाई सही अर्थमा स्वतन्त्र, स्वाधीन र आत्मनिर्भर बनाउन सक्छ ।

### राजनीतिमा स्वाधीनता

विदेशी हस्तक्षेपरहित स्वतन्त्र र सन्तुलित नीतिप्रति प्रतिबद्ध हुँदै कुनै पनि देशको अत्यधिक प्रभाव वा हस्तक्षेपलाई रोक्ने र आन्तरिक राजनीतिक निर्णयहरूमा विदेशी दबाबविरुद्ध दृढ अडान राख्ने मार्गदर्शक सिद्धान्त नै स्वाधीन राजनीति हो । यसमा राष्ट्रको स्वाधीनता सुनिश्चित गर्न जनताको आत्मनिर्णयको अधिकारलाई पहिलो प्राथमिकतामा राखिनुपर्छ ।

स्वाधीनताका आधारमा जनतान्त्रिक शासन प्रणालीलाई सुदृढ बनाउने नीति लिइनुपर्छ । आत्मनिर्भर अर्थतन्त्र निर्माण गरी बाह्य निर्भरतालाई कम गर्दै स्वदेशी उत्पादन र उद्यमलाई प्रवर्द्धन गर्ने र अर्थ संरचना आफ्नै अनुकूल चलाउने अवस्था बनाइनुपर्छ ।

वर्गीय, जातीय, लैंगिक, भौगोलिक, धार्मिक तथा अन्य सामाजिक असमानतालाई हटाउँदै समतामूलक समाजको स्थापना गर्ने एजेन्डा प्राथमिकतामा पर्नुपर्छ । आज राजनीतिक मात्र होइन, धार्मिक र सांस्कृतिक रूपमा पनि बाह्य हस्तक्षेपको अवस्था छ, जसलाई नीतिगत रूपमै तोडिनुपर्छ । अन्य स्वार्थ राष्ट्रहरूको राजनीतिक, आर्थिक, सांस्कृतिक, धार्मिक वा सैन्य हस्तक्षेपलाई अस्वीकार गर्ने र आफ्नै अनुकूलमा निर्णय लिने अवस्था बन्नुपर्छ ।




यसैगरी, संविधानको सर्वोच्चतामा आधारित कानुनी शासन कायम राख्ने अवस्था बनाइनुपर्छ । भ्रष्टाचारी, देशद्रोही र गम्भीर प्रकृतिका अपराधीलाई मृत्युदण्ड दिनेजस्ता कुराहरू नीतिगत रूपमा नै स्पष्ट पारिनुपर्छ । अहिले हामी जुन दलदलमा छौं, जसरी भ्रष्टहरूको बिगबिगी छ, यो अरू कारण नभई नीति सही नहुँदाको परिणाम हो ।

जबसम्म नागरिक वास्तविक अर्थमा शिक्षित हुँदैनन्, तबसम्म मुलुकको विकास पनि सम्भव छैन । जनतामा स्वतन्त्रताको महत्त्वबारे चेतना फैलाउँदै शिक्षालाई वैज्ञानिक, जीवन उपयोगी, सर्वसुलभ र सर्वसाधारण जनताको पहुँचमा पुऱ्याउने विषयलाई नीतिगत रूपमै सुनिश्चितता गरिनुपर्छ ।

यसैगरी, आन्तरिक शान्ति कायम राख्दै सुरक्षाको सवालमा आत्मनिर्भर हुने रणनीति अपनाउने नीति नेपालको सन्दर्भमा निकै महत्त्वपूर्ण छ । नेपाल जस्तो देशले अन्य राष्ट्रहरूसँग पञ्चशील र समानतामा आधारित कूटनीतिक सम्बन्ध कायम राख्ने अवस्था बनाइनुपर्छ । आफ्नो भाषा, संस्कृति र पहिचानलाई जोगाउँदै राष्ट्रिय गर्वको भावना विकास गर्ने अवस्था रहनुपर्छ ।

### अर्थतन्त्रमा आत्मनिर्भरता

जबसम्म अर्थतन्त्र आत्मनिर्भर हुँदैन, तबसम्म अन्य विषय तपशीलमै हुने छन् । अर्थतन्त्रलाई कसरी आत्मनिर्भर बनाउने भन्ने कुरा हाम्रो नीतिसँग पनि जोडिन्छ । राष्ट्रिय उत्पादन र उद्योगहरूको प्रवर्द्धन गर्दै आयात-निर्भरता घटाउँदै, निर्यातमा आधारित अर्थतन्त्र निर्माण गर्ने र प्राकृतिक स्रोत र श्रम शक्तिको अधिकतम उपयोगका साथसाथै देशभित्र रोजगारी सिर्जना गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने नीति लिनु आवश्यक छ, जसका निम्ति उचित आधारहरू तयार गर्नुपर्छ ।

घरेलु उत्पादनलाई प्रोत्साहन र पुरस्कृत गरी आयातमा निर्भरता घटाउने नीति लिइनुपर्छ । कृषि क्षेत्रलाई यान्त्रिक र वैज्ञानिक बनाउँदै खाद्यान्न आत्मनिर्भरता सुनिश्चित गर्नुपर्छ । साना, मझौला र ठूला उद्योगहरू स्थापना गरी रोजगारी सिर्जना गर्ने नीति लिनुपर्छ ।

यसैगरी, जलविद्युत्, सौर्य ऊर्जा र अन्य नवीकरणीय स्रोतहरूको विकासद्वारा ऊर्जा आत्मनिर्भर र निर्यातमा जोड दिने र विदेशी लगानीलाई सन्तुलित गर्न देशको नियम, कानुन मातहत परिचालन गर्दै स्वदेशी पुँजी, कच्चा पदार्थ र सीपको अधिकतम उपयोग गर्ने नीति लिनुपर्छ । निर्यातमुखी नीति अपनाउँदै आयात र निर्यातबीच सन्तुलन राख्नेगरी अर्थ नीति अवलम्बन गरिनुपर्छ ।

आफ्नै प्राकृतिक स्रोत साधनको समुचित प्रयोग गर्ने नीति निकै नै महत्त्वपूर्ण छ । प्राकृतिक स्रोतहरूको दीर्घकालीन र सतत् उपयोगद्वारा मात्र आर्थिक विकास सुनिश्चित गर्न सकिन्छ । आफ्नो स्रोत साधनको उपयोगले मात्र दीर्घकालीन अर्थतन्त्रको विकास गर्न सकिन्छ ।

सँगै, कृषि, पर्यटन, ऊर्जा, सूचना प्रविधि, र उद्योग जस्ता क्षेत्रहरूमा लगानी विस्तार गर्ने, श्रम शक्ति सीपयुक्त बनाउन प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिने नीति आवश्यक छ । श्रम सहकारी, बचत र साना वित्तीय संस्थाहरूलाई प्रोत्साहन गरी आर्थिक पहुँच बढाउने र सुरुवातबाटै उद्योग व्यवसायलाई सबलीकरण गर्न अनुदान र सहुलियत उपलब्ध गराउने नीति आवश्यक छ ।

### राष्ट्रिय सुरक्षामा जनप्रतिरक्षा

जनतामा राष्ट्रिय सुरक्षाको भावना र जिम्मेवारी विकसित गर्दै स्थानीय तहदेखि केन्द्रसम्मको सुरक्षामा नागरिकको सहभागिता बढाउँदै आधुनिक सुरक्षाको संयोजनमार्फत देशभित्रकै युवा जनशक्तिको रक्षा उपकरण र प्रविधि उत्पादनमा लगानी गरिनुपर्छ । सेना, प्रहरी र सशस्त्र बललाई आधुनिक प्रविधि, उपकरण र प्रशिक्षणद्वारा सशक्त बनाउने, राष्ट्रका सिमानाहरूको निगरानी र सुरक्षा सुनिश्चित गर्न सीमा पोस्ट, गस्ती र प्राविधिक निगरानी प्रणालीको स्थापना गर्ने नीति लिनुपर्छ ।

सैन्य उपकरण र हतियार उत्पादनका लागि स्वदेशी उद्योग स्थापना गरी आयात निर्भरता घटाउने, सम्भावित खतराहरूको मूल्याकन गरी दीर्घकालीन रक्षा रणनीति निर्माण गर्ने, डिजिटल युगमा साइबर हमलाबाट जोगिन र बाह्य दुस्मनविरुद्ध जाइलाग्न साइबर सुरक्षा संरचनाको निर्माण र सुदृढ गर्ने, देशका १८ वर्ष उमेर पुगेका हरेक युवायुवतीलाई अनिवार्य सैन्य शिक्षा र तालिमको व्यवस्था गरी राष्ट्रिय सुरक्षा रणनीतिक क्षमता विकास गर्ने, रक्षा क्षेत्रमा नवीनतम् प्रविधि विकास गर्न अनुसन्धान र नवप्रवर्तनमा लगानी गर्नेजस्ता नीति लिनुपर्छ ।

सुरक्षा चुनौतीहरू समाधान गर्न मित्र राष्ट्रहरूसँग रक्षा सहयोग र तालिम आदानप्रदान गर्ने, आतंकवाद, विद्रोह र संगठित अपराध नियन्त्रण गर्न आन्तरिक सुरक्षा संयन्त्र बलियो बनाउने, नागरिक स्तरमा जनसुरक्षाबारे सचेतना फैलाउँदै समुदायको सृजीय भूमिका सुनिश्चित गर्ने नीति लिनुपर्छ ।

अन्त्यमा, यस प्रकारको कार्यदिशाका आन्तरिक र बाह्य अनेकौं आयामहरू हुन्छन्, जसले देशलाई स्वाधीन, अर्थतन्त्रलाई आत्मनिर्भर र राष्ट्रिय सुरक्षालाई जनप्रतिरक्षा बनाउने छन् । देशलाई दिगो विकासतर्फ लैजाने र राष्ट्र निर्माणमा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने प्रचुर सम्भावना हुन्छ । यस्तो नीति कार्यान्वयन गर्दा देश बलियो मात्र होइन कि अन्तर्राष्ट्रिय स्तरमा समेत स्वतन्त्र, शक्तिशाली, प्रतिस्पर्धी र प्रतिष्ठित बन्ने सम्भावनाको ढोका खुल्ने छ ।

## इतिहासमा आज

१५ जनवरी १९३४ मा भारतको बिहारमा गएको शक्तिशाली भूकम्पका कारण २० हजार मानिसको मृत्यु भएको थियो ।



१५ जनवरी २००८ मा खगोलविद्हरूले पृथ्वीबाट २५ करोड प्रकाश वर्ष टाढाको आकाशगंगामा जीवनका लागि आवश्यक तत्त्व खोज्ने दाबी गरेका थिए ।



१५ जनवरी २०१० मा ३ घन्टाभन्दा बढी यस शताब्दीकै सबैभन्दा लामो सूर्य ग्रहण लागेको थियो । यसको अध्ययनका लागि इसरोले ६ वटा रकेट प्रक्षेपण गरेको थियो ।




१५ जनवरी २०१६ मा पश्चिम अफ्रिकी देश बुर्किना फासोमा अगाडोगु होटेलमा आतंकवादी आक्रमणबाट २८ जना मारिएका थिए भने ५६ जना घाइते भएका थिए ।



# हामी कस्ता देशका नागरिक ?

टिप्पणी



● ईश्वरी पोखरेल

राजनीतिक दल, पार्टी र तिनका शीर्षस्थ नेताहरूको वैयक्तिक स्वार्थ र निकम्मापनले गर्दा सुरक्षा निकाय, अदालती न्यायिक प्रक्रियासमेत प्रभावित रहेका र जेनतेन कुनै कारणले हुन पुगेका फैसला पनि कार्यान्वयनमा उदासीनता छ । देशमा जतासुकै अराजकता र भ्रष्टाचार, लुटतन्त्र र कुशासन मौलाएको छ...

मुलुकभित्रको परिपाटी अनौठो छ । कुनै राजनीतिक दलको नेता तथा सक्रिय कार्यकर्ता हुनका लागि पार्टीका शीर्षस्थ नेताहरूको विशेष निगाह अनिवार्य छ । संगठनमा टिक्न र कद्रा जमाउन विवेक बन्धक राखी दास र धुकाधा हुनुपर्ने अवस्था छ ।

निर्वाचित सांसद तथा स्थानीय जनप्रतिनिधि बन्ने उम्मेदवारको टिकट प्राप्त गर्न नै पार्टीका नेताको आफन्त हुनुपर्ने वा तिनलाई मनग्य आर्थिक लगानी गरी पद किन्न सक्ने हैसियतको योग्यता अनिवार्य ठानिने अवस्था छ ।

प्रतिनिधिसभा, प्रदेशसभाको समानुपातिक सांसद बन्नका लागि पार्टीका शीर्षस्थ नेताहरूका परिवारका सदस्य, प्रेमी, प्रेमिका, नातागोता, पार्टीभित्रको कुनै गुट-उपगुटको नेतृत्वको शक्ति र आशीर्वाद हुनुपर्ने स्थिति बनाइएको छ । प्रतिनिधिसभा, प्रदेशसभाको समानुपातिक सांसद बन्न पार्टी र नेताका लागि विश्वासिलो आर्थिक सहयोगी तथा बजार मूल्यमा पदअनुसार उच्च मोल-कबोल गर्ने र कुनै सिद्धान्त, विचार वा दृष्टिकोण नभएको तथा वैयक्तिक स्वार्थमा पार्टी वा गुट फेर बदल गर्न खप्पिस पल्टुरामको योग्यता चाहिने अवस्था छ ।

आज नेताको चाकरीबाट दासको पूर्ण भूमिका निर्वाह गरी आफूले प्रतिनिधित्व गर्ने वर्ग, समूह, समुदाय र जात, लिंगप्रति गद्दारी गर्न सक्ने र जसरी पनि सरकारी लाभको पद हत्याएर लौंगो र हस्ताक्षरको मौलमौजाइको योग्यता चाहिने बनाइएको छ ।

राजनीतिक अधिकार र अनुशासनको पालनाको कुरा गर्दा सहभागितामूलक बैठक, धारणा राखी छलफल गर्ने प्रणाली दल, पार्टीहरूमा विरलै हुने गरेको तर माथिल्ला निकाय र नेताहरूप्रति सार्वजनिक रूपमा सञ्चार माध्यमबाट कुनै प्रश्न सोध्न नपाइने र उल्लंघन गरेमा कारबाहीको दण्ड (राजनीतिक हत्या) चलाउने परिपाटी स्थापित छ । राजनीतिक दल, पार्टीमा आबद्ध भई तहका कार्यकर्ता र समर्थकहरूले चाहिँ केन्द्र र शीर्षस्थ नेताको आदेश र निर्देशन मात्र पालना गर्नुपर्ने र कुनै जिज्ञासा वा प्रश्न गर्न नहुने निरंकुशतन्त्र पार्टीहरूमा चलाइएको र धुक्याधा भए कुनै पनि अपराधबाट मुक्त गर्ने संयन्त्रको व्यवस्था मिलाइएको छ ।

निश्चित व्यक्तिबाहेक सबैलाई निर्णयमा सहभागिता नगराइने र अपारदर्शिताका कारण पार्टीहरूमा जति माथिको नेता र पद, उति आफूखुसी मनोमानी गर्न पाइने अवस्था छ । साथै, तिनका आसेपासेले देश लुट्न पाइने अवस्था बनेको, तिनै स्वार्थी र बिचौलियाहरूले नेतृत्वलाई उचित, अनुचित आर्थिक लाभमा पुऱ्याएको र दैवत्वकरणमा पुराएर पार्टी र नेतृत्वलाई नै पूर्ण भ्रष्ट गर्न सक्ने क्षमता भएका व्यक्तिहरू नै शीर्षस्थ नेताहरूको रोजाइमा पर्ने अवस्था छ ।

राजनीतिक दल, पार्टीका शीर्षस्थ नेतृत्वको निकटता र शक्तिका आडमा राज्यका अंग, प्रत्यंग र संयन्त्र जतासुकै बिचौलियाबाट शासन, प्रशासनमा दबदबा गर्न र आफूसम्म मात्र अधिकार विकेन्द्रीकरण तर त्योभन्दा तल अधिकार दिनु अराजकताको तर्क गर्ने क्षमता मन्त्री, प्रशासकमा हुनुपर्ने अवस्था छ ।

त्यस्तै, विविध कारणले नेपालका कुनै पनि राजनीतिक दलका शीर्षस्थ नेतृत्व जिम्मेवार पदमा भएका बेला उनलाई प्रत्यक्ष जानकारी दिएर, सहभागी गराएर वा नगराएर होस्, तिनका सचिवालय, सचिव, स्वकीय सचिव, निकटका दलीय ट्रेड युनियन आबद्ध कर्मचारीहरूले देशलाई कसरी लुटे र नेतृत्व विवादमा परे ? ती विवरणहरू क्रमश एक होइन, अनेकौं जगजाहेर हुँदै छन् ।

राजनीतिक दल, पार्टी र तिनका शीर्षस्थ नेताहरूको वैयक्तिक स्वार्थ र निकम्मापनले गर्दा सुरक्षा निकाय, अदालती न्यायिक प्रक्रियासमेत प्रभावित रहेका र जेनतेन कुनै कारणले हुन पुगेका फैसला पनि कार्यान्वयनमा उदासीनता छ । देशमा जतासुकै अराजकता र भ्रष्टाचार, लुटतन्त्र र कुशासन मौलाएको छ ।

दलाल, बिचौलिया र भ्रष्ट, अनैतिक, दुराचारी, नेताहरू, प्रशासकहरू, शैक्षिक माफियाहरू, उद्योगीहरू, व्यवसायीहरूलगायतको कब्जामा मुलुकलाई पुऱ्याउने अपराध राजनीतिक दल र तिनका नेताहरूकै सहभागिता र संरक्षणमा हुने गरेको आमजनताको निचोड पाइन्छ । यसले समग्र राज्य प्रणाली र संयन्त्र तथा ठूलो बलिदानी साथ प्राप्त गणतन्त्रात्मक व्यवस्थाप्रति नै निराशा र आक्रोश बढाएको छ ।

समग्रमा यी माथि उल्लेख गरिएका विकृति, विसंगतिविरुद्ध राजनीतिक शुद्धीकरणको मुद्दा कसरी अगाडि बढाउने ? मुख्य चुनौती मुलुक सामु छ । सबैलाई चेतना भया !

## सामाजिक सञ्जाल



टीकाप्रसाद दवाल

दोगला पन्थीको विपक्षमा : अध्यादेश ल्याउने व्यवस्था संविधानमा छ, त्यसैले संवैधानिक हो । संसद् बस्नु १ दिनअघि र चल्दै गरेको संसद् रोकेर भोलिपल्ट पनि अध्यादेश आएका छन् । तिनमा न्यायपालिकाको दोगला पन्थी यसै उदाङो भएको छ । संसद्मा हरेक अध्यादेशको घनघोर परीक्षण हुनुपर्छ भन्ने ठान्छु ।

आधुनिक युगमा प्रवेश गरिसकेपछि र विशेषगरी बहुदलीय व्यवस्था हुँदै गणतान्त्रिक अभ्याससम्म आइपुग्दा नेपाली समाजले खोजेको कुरा सभ्य राजनीतिक संस्कार पनि हो । तर, पछिल्ला दिनमा आएर दलहरूले सुसंस्कृत राजनीति गर्नु त कहाँ हो कहाँ, उनीहरूमा आफूभन्दा फरक विचार राख्ने र आफूलाई चुनौती दिन खोज्नेहरूप्रति शत्रुवत् व्यवहार गर्ने प्रवृत्ति बढ्दो छ ।



भीष्म कुमार



मणि दाहाल

दुई तिहाइको बहुमत छ, अब संविधान संशोधन गर्ने हो भन्यो, अहिले सामान्य बहुमतले हुने कानुनको निर्माण र संशोधनचाहिँ भटाभट अध्यादेशबाट गरिरहेका छन् । भनाइ र गराइ मिलेन भनी । 'यो देशमा कहिलेचाहिँ मिलेको थियो र यस पटक किन खोज्छस् ?' भनेर भन्न बेर छैन । दुई तिहाइ पनि माकापुर्लै नै रहेछ ।

ज्ञान उत्पादन गर्ने विधि, जहाँ बौद्धिक जमातको वर्चस्व रहेको भन्छन् तर विद्यार्थीको परीक्षा नतिजा प्रकाशित भएको ४ दिनसम्म विद्यार्थीले नतिजा हेर्न पाइँदैन । कम्तीमा गतिलो आईटीको व्यवस्था त गर्न नसक्ने भएपछि विश्वविद्यालयको औचित्यमाथि प्रश्न खडा गर्नु, बौद्धिक जमातप्रति अविश्वास बढ्नु अन्यथा रहेन ।



सेतेमान तामाङ

# मणिपाल अस्पतालमा एआई प्रविधिको वायरलेस पेसमेकर सफलतापूर्वक जडान

**काठमाडौं/मस–** मणिपाल अस्पतालमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रविधिमा आधारित वायरलेस इन्जेक्टिबल पेसमेकर सफलतापूर्वक जडान गरिएको छ।

एबटद्वारा विकसित यस पेसमेकर भारतीय बजारमा भर्खरै प्रवेश गरेको हो। पूर्वी भारतमा पहिलोपटक कोलकत्ताको मणिपाल अस्पतालमा एक ६५ वर्षीया बिरामीको मुटुमा सफलतापूर्वक उक्त पेसमेकर जडान गरिएको छ।

अमेरिका र युरोपमा प्रयोगमा आइसकेको नयाँ प्रविधिको यस पेसमेकर परम्परागत पेसमेकरभन्दा तीन गुणा बढी समयसम्म चल्ने निर्माता कम्पनीको दाबी छ। मात्र दुई दशमलव ४ ग्राम तौल भएको यस पेसमेकरको आयु २० देखि २५ वर्षसम्म रहेको छ। जबकी परम्परागत पसमेकरको आयु ७ देखि ८ वर्षसम्म मात्र हुन्छ।

यसबाहेक यसको गैर चुम्बकीय डिजाइनले यसलाई विमानस्थल स्क्यानरहरू, एमआरआई मेसिनहरू र उच्च-भोल्टेज विद्युतीय प्रवाहहरू प्रति प्रतिरोधात्मक बनाएको छ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले २०२० मा गरेको एक अध्ययनका अनुसार नेपालमा मुटु रोगका कारण धेरैको ज्यान गइरहेको छ। अध्ययनअनुसार २० प्रतिशत मानिसहरूले मुटु रोगको कारण आफ्नो ज्यान गुमाइरहेका छन्।

यो नविन प्रविधिको पेसमेकर नेपालका मुटु रोगीहरूको लागि भरपर्दो माध्यम बन्ने कम्पनीको विश्वास छ।

नेपालबाट नजिकको दूरीमा रहेका पूर्वी भारतमा अवस्थित मणिपाल अस्पतालका केन्द्रहरूमा यो सुविधा उपलब्ध हुने भएकाले अध्याधुनिक चिकित्सा सेवा लिन सकिन्छ। यो पेसमेकरले पहिले परम्परागत पेसमेकर प्रत्यारोपणको लागि अनुपयुक्त मानिएका बिरामीहरूको लागि नयाँ सम्भावनाहरू खोल्ने जनाइएको।




परम्परागत पेसमेकरहरूलाई उपकरण प्रत्यारोपण गर्न शल्यक्रिया र छातीमा तारहरू (लिडहरू) चाहिन्छ, जसले प्रायः सङ्क्रमण निम्त्याउँछ। यद्यपि, इन्जेक्टेबल वायरलेस पेसमेकरलाई सिधै मुटुको दाहिने भेन्ट्रिकलमा इन्जेक्ट गरिन्छ, जसले गर्दा बिरामीहरूमा सङ्क्रमणको सम्भावना कम हुन्छ।

साथै यस उपकरणबाट कमजोर प्रतिरक्षा प्रणाली भएका वा छालाको समस्या, डायलाइसिसमा रहेका वा रगत पातलो पार्ने औषधि सेवन गरिरहेका बिरामीहरूका लागि पनि उपयुक्त रहेको छ।

इन्टरभेन्सनल कार्डियोलोजिस्ट डा. पीके हाजराले यस उपकरणको महत्वबारे व्याख्या गर्दै भने, 'यो पसइमेकर नन-रिचार्जेबल भएकाले यसका धेरै फाइदा छन्। यसलाई एकलबाट दोहोरो-चेम्बर कन्फिगरेसनमा अपग्रेड गर्न सकिन्छ, जसले बिरामीहरूको दीर्घकालीन समस्याहरू समाधान गर्न सहयोग गर्दछ। यसमा ब्लुटुथ कनेक्टिभिटी भएकाले बाहिरबाटै मनिटरिङ गर्न सकिन्छ।'

कार्डियाक क्याथ ल्याबका निर्देशक डा. दिलीप कुमारले भने, 'वायरलेस पेसमेकरहरू अब पूर्ण रूपमा वास्तविकता बन्दै गइरहेका छन्। यसबाट चिकित्सक र बिरामी दुवैको लागि आरामदायी छन्।'

अमेरिकाको फुड एण्ड ड्रग एडमिनिस्ट्रेशन (एफडीए) र युरोपेली चिकित्सा प्राधिकरणद्वारा अनुमोदित यस इन्जेक्टेबल पेसमेकरलाई अपनाउने विश्वको तेस्रो देश भारत बनेको छ। मुटु रोगीहरू बढ्दै जाँदा, भारत जस्तै नेपालले पनि यस नवप्रवर्तनबाट धेरै लाभ उठाउन सक्छ।

# भाटभटेनीलाई १० हजार जरिमाना



**ललितपुर/मस–** संयुक्त जिल्ला बजार अनुगमन समिति ललितपुरले चापागाउँदोबाटोको भाटभटेनीलाई दश हजार जरिवाना गरेको छ।

ललितपुरका सहायक प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरेको नेतृत्वमा खटिएको संयुक्त बजार अनुगमन समितिले सोमबार अनुगमन गर्दा भाटभटेनीमा म्याद उल्लेख नगरिएको तथा मापदण्डअनुसार प्याकेजिङ समेत नगरिएको डम्लीको अचार फेला परेको थियो। 'म्याद उल्लेख नगरिएको डम्लीको आचार भेटिएपछि एउटा प्याकेज गुणस्तर जाँचका लागि पठाउने बाँकी अचार जफत गरिएको छ। हामीले अहिले सचेतनाका लागि उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३९ उपदफा २ (क) बमोजिम अनुचित व्यापारिक क्रियाकलाप गरेकाले सोही ऐनको दफा ३८ (ङ) बमोजिमको कसुरमा दफा ३९ बमोजिम दस हजार मात्रै जरिवाना गरिएको छ' सहायक प्रमुख जिल्ला अधिकारी घिमिरेले भनिन्।

उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार बजार अनुगमन गर्दा सोही बुँदामा पाँच लाखसम्म जरिवाना गर्न सक्ने अवस्था रहेको उपभोक्ता हीत संरक्षण मञ्च ललितपुरका अध्यक्ष ध्रुवलाल तण्डुकारले जानकारी गराए।

त्यस्तै, संयुक्त जिल्ला बजार अनुगमन समिति ललितपुरले चापागाउँदोबाटोको मकवानपुर फास्टफुड र ए टु जेड स्टोरमा समेत अनुगमन गरी देखिएका कमजोरी सुधार्न सचेत गराएको अनुगमन समितिका सदस्य एवम् नेपाल पत्रकार महासंघका अध्यक्ष रामहरि कार्कीले जानकारी गराए।

**UAE मा रोजगार** OKOOL MANPOWER RECRUITMENT SERVICE-SOLE PROPERIETORSHIP L.L.C

L.T.No. 307684

| क्र.सं. | कामदारको पद | | | मासिक तलब AED | नेरु |
|---|---|---|---|---|---|
| १ | Helper | 24 | 00 | 950 | ३४,६९०।- |
| २ | Porter | 50 | 00 | 950 | ३४,६९०।- |

छ

अन्तरवार्ता २०८१ माघ ९ गते (22 Jan., 2025) यस प्रा. लि. को कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ।

लाल धनुष इन्टरनेशनल सर्भिस प्रा. लि.
महाकाल, बौद्ध, काठमाडौं, फोन: ०१-४५१००७५

# टुहुरा बालबालिकाको अवस्था दयनीय, सहयोगको अपिल



**कमल कुमाल/मध्यान्ह**
कालीकोट १ माघ

कालीकोटको पचालझरना गाउँपालिका-१, सिव्कुका तीन जना टुहुरा बालबालिकाको अवस्था झनै दयनीय बन्दै गएको छ। ६ वर्षअघि आमाले आत्महत्या गरेपछि उनीहरूले बुवाको सहारामा कठिन जीवन बिताउँदै आएका थिए। तर गत पुस २१ गते बुवाको हृदयाघातबाट मृत्यु भएपछि उनीहरू पूर्ण रूपमा असहाय भएका छन्।

दिदीभाइको बिचल्ली मृतक टक्के सार्कीका १४ वर्षीया छोरी पाण्डवा सार्की, १३ वर्षीय भूपेन्द्र सार्की र १२ वर्षीय पारस सार्की अहिले आफन्तको सहारामा छिमेकीको गोठको माथिल्लो तलामा बस्न बाध्य छन्।

स्थानीय गगे सार्कीका अनुसार बुवाको मृत्यु भएको घरमा बस्न नसकेकाले छिमेकीको सहयोगमा अस्थायी बसोबासको व्यवस्था गरिएको हो। पाण्डवा कक्षा ७, भूपेन्द्र कक्षा ६ र पारस कक्षा ३ मा अध्ययनरत छन्। घरमा अन्नपात र लत्ताकपडाको अभावले चिसो हिउँद कटाउन उनीहरूलाई कठिन भइरहेको छ भने अध्ययनका लागि शैक्षिक सामग्री नहुँदा पढाइमा नै असर परेको छ। विद्यालयका प्रधानाध्यापक शंकर न्यौपानेले उनीहरूलाई आवश्यक कापी, कलम, र पोशाक उपलब्ध गराउने बताएका छन्।

२०७५ सालमा आमाको मृत्युपछि बालबालिकाहरू ठूलोबुवाको सहारामा थिए। टक्के सार्की लामो समय मलेसियामा श्रम गरेर गाउँ फर्किएका थिए। तर दायाँ खुट्टा भाँचिएपछि आर्थिक समस्याले उनी तनावमा थिए। ऋण तिर्न नसकेको अवस्थामा उनको अकस्मात निधनले परिवारमा थप विपत्ति परेको छ।

पचालझरना गाउँपालिकाका अध्यक्ष देवराज शाही, उपाध्यक्ष अल्बीना बम लगिताले बालबालिकाको अवस्थाप्रति पालिका गम्भीर रहेको र सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। स्थानीयहरूले पनि खाद्यान्न र कपडाको व्यवस्थापन गर्न सहयोग जुटाइरहेका छन्। सहयोगको अपिल १४ वर्षीया पाण्डवाले भाइहरूको पालनपोषण र पढाइलाई निरन्तरता दिने दृढता व्यक्त गरेकी छन्। गाउँले र शुभेच्छुकहरूको सहयोगले आफ्नो जीवनमा नयाँ अध्याय सुरु हुने विश्वास लिएको पाण्डवाले बताइन्। यो हृदयविदारक परिस्थितिमा राज्य र समाजले उचित राहत र व्यवस्थापन गरेर यी बालबालिकाको भविष्य सुनिश्चित गर्नुपर्ने देखिएको स्थानीयहरू बताउँछन्।

स्थानीय गगे सार्कीले बालबालिकाहरूका लागि सक्दो सहयोग गर्न सबैमा अपिल गरेका छन्। राहत उपलब्ध गराउनका लागि बालबालिकाका आफन्त तथा पचालझरना गाउँ कार्यपालिका सदस्य गगे सार्कीलाई मोबाइल नम्बर ९८६५७२३९०९ सम्पर्क गर्न सकिने बताइएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
तेस्रो पटक प्रकाशित मिति: २०८१/१०/०२


# Thabang Rural Municipality
# Office of the Rural Municipal Executive
### Thabang, Rolpa
### Lumbini Province, Nepal

## Invitation for Bids

**Date of publication: 15-01- 2025 (2081/10/02)**

1. *Thabang Rural Municipality* invites electronic bids from Registered Nepalese eligible bidders for the following work.

| S.N. | Contract ID. | Description and location of work | Estimated Amounts (Including VAT, PS, Contingencies & O/M Cost) | Bid Security Amounts | Price of Bid Documents |
|---|---|---|---|---|---|
| 1 | TRM-ROLPA/W/ NCB/14/2081/082 | Construction Of Jaljala Tourism Infrastructure Development Project, Thabang 01, Rolpa | 1,99,51547.88 | 5,00,000 | 3,000 |
| 2 | TRM-ROLPA/W/ NCB/15/2081/082 | Construction & Finishing Of Shahid Smriti Shangralaya, Thabang 01, Rolpa | 89,93,915.36 | 2,30,000 | 3,000 |

2. Eligible Bidders may visit PPMO websitewww.bolpatra.gov.np/egp, for further information.
3. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Global IME Bank Ltd, Thabang
   Name of Office: Thabang Rural Municipality, Thabang, Rolpa
   Account Name:- Ga 1.1 Aantarik Rajaswo Khata Thabang
   Rajaswa Account no.: 28504010000009
4. Sealed or electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on before *12.00* on 14/02/2025. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at *13:00 hour on 14/02/2025* at the office of *Thabang Rural Municipality Thabang Rolpa*.
6. Bids must be valid for a period of *90 days* and must be accompanied by a scanned copy of the bid security in .pdf format for e-bid, which shall be valid for 120 days from the final bid submission date. If bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in the bank account with the following information.
   Name of the Bank: Global IME Bank Ltd, Thabang
   Name of Office: Thabang Rural Municipality, Thabang
   Account Name:- Ga 3.1 Dharauti Khata Thabang
   Deposit Account no.: 28504010000003
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and prevailing regulations.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२ माघ २०८१ बुधबार
15 January 2025, Wednesday

# 'महाराजधिराज' पोस्टर एक पात्र राजर्षि पहिरनमा, अर्को नग्न




**काठमाडौं/मस-** माघे सक्रान्तिको अवसरमा चलचित्र 'महाराजधिराज'को फर्स्ट लुक पोस्टर सार्वजनिक गरिएको छ। छुवेश्वरी म्यानेजमेन्ट प्रा लि को प्रस्तुति रहेको यस चलचित्रको फर्स्ट लुकले दर्शकमाझ उत्सुकता जगाएको छ। चलचित्रको स्लोगन 'अनेकौं समस्या म देख्छु जगत्मा, छ कि दोष हाम्रो आफ्नै रगतमा' राखिएको छ।

पोस्टरमा २ जना कलाकार देखिएका छन्। १ जना राजर्षि पहिरनमा रहेका देखिन्छन् भने अर्को व्यक्ति नग्न अवस्थामा प्रस्तुत गरिएको छ। राजर्षि पहिरनमा रहेका व्यक्तिले शिरमा श्रीपेच र हातमा राजदण्ड बोकेर उभिएका छन्, जसले उनी राजा भएको संकेत गर्छ। उनको अगाडि कुर्सीमा बसेका नग्न व्यक्ति शारीरिक रूपमा निकै कमजोर देखिन्छन्।

यो तस्बिर भित्तामा फ्रेममा राखिएको जस्तो देखिन्छ। यसले आफ्ना दरसन्तानको सम्झनामा पछिल्लो पुस्ताले फ्रेमिङ गरेका हुन् कि भन्ने अनुमान लगाउन सकिन्छ तर प्रस्ट छैन।

यो फर्स्ट लुकले समस्या आफैमा रहेको भएको देखिन्छ। 'अनेकौं समस्या म देख्छु जगत्मा, छ कि दोष हाम्रो आफ्नै रगतमा' लेखिएको स्लोगनले व्यक्ति स्वयंमा समस्या रहेको संकेत गर्छ। राजा होस् या नागरिक, समस्या हरेक व्यक्तिमा छ भन्ने यो स्लोगन र पोस्टरले बताउँछन्।

त्यसैले सिनेमाले पनि व्यक्ति हरेक व्यक्तिमा छ भन्ने कथा भन्ने अनुमान लगाउन सकिन्छ। विशेष कुरा के छ भने, यी दुवै पात्रको भूमिका यज्ञ शाहले निभाएका हुन्।

फर्स्ट लुक पोस्टर र स्लोगनका कारण चलचित्रले दर्शकहरूलाई गहिरो सन्देश दिने अपेक्षा गरिएको छ। निर्माण पक्षले फर्स्ट लुक पोस्टर सार्वजनिक गरेसँगै बाँकी सामग्री ट्रेलरमा आउने बताएको छ, जसअनुसार अब ट्रेलर सार्वजनिक भएपछि थप जानकारी पाइने छ।

चलचित्रको फर्स्ट लुक पोस्टरले दर्शकमा उत्सुकता जगाउने निश्चित छ। परिच्छेद सेनले निर्देशन गर्ने चलचित्रको कथा पनि उनी स्वयंले लेखेका छन्।

'महाराजधिराज'का प्रस्तुतकर्ता विराज विष्ट हुन्। विराजले यसअघि चलचित्र 'बुलाकी' निर्माण गरेका थिए भने निर्देशक सेनले 'प्रेमगन्ज' निर्देशन गरेका थिए। चलचित्रको निर्माणमा टोपेन्द्र विष्ट, चक्रबहादुर के. सी. र रवि खड्का छन्। यो चलचित्र दशैंको फूलपातीमा आउने निर्माण टिमले बताएको छ।


## यूएईमा रोजगार
कम्पनी RAGHAV CONTRACTING LLC — शहर DUBAI — LT. No.: 317043

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब AED | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Building Labour | 4 | 0 | 800 | २८८४६ |
| 2. | Electrician | 16 | 0 | 1200 | ४४८४४ |
| 3. | Electrician Assistant | 7 | 0 | 1100 | ४११०७ |
| 4. | Mechanic Assistant | 8 | 0 | 1100 | ४११०७ |
| 5. | Plumber | 7 | 0 | 1200 | ४४८४४ |
| 6. | Welder | 4 | 0 | 1200 | ४४८४४ |

अन्तर्वार्ता मेनपावर कार्यालय लाजिम्पाट काठमाडौंमा २०८१ माघ ९ गते (22 January 2025) मा हुनेछ।

GRAND SHIKHAR OVERSEAS PVT LTD
Lazimpat, Kathmandu, Tel: +977-1-4516940 (6 Lines), Web: gso@grandshikhar.com

## कुवेतमा रोजगार
कम्पनी BIRLA BEAUTY LADIES SALON — शहर KUWAIT — LT. No.: 291524

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Manicure Pedicure | 0 | 5 | 150 | ६७,१२८ |
| 2. | Hairdresser | 0 | 5 | 150 | ६७,१२८ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ९ गते (22 January 2025) मा हुनेछ।

Guideline Recruitment Service Pvt. Ltd.
Basundhara Chauki, Kathmandu, Tel.: 4389497, 9823485185, 9829217688
Email: documentation.guideline2022@gmail.com, Web: www.guidelinerecruitment.com

## कतारमा रोजगार
कम्पनी: AL GAMANA TRADING & CONTRACTING W.L.L. — शहर: DOHA — LT. No.: 297030

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Forman | 18 | 0 | 2500 | ९४८०० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ९ गते (22 January 2025) मा हुनेछ।

Paragon H.R. Management Pvt. Ltd.
Dhumbarahi-4, Kathmandu, Mob.: 9813000522, Tel:-5901247
E-mail: paragonhrmanagement@gmail.com, Web.: www.paragonhrgroup.com

## साउदीमा रोजगार
कम्पनी WASSAD GENERAL CONTRACTING EST. — शहर SAUDI — L.T. No.: 317915

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Heavy Trucks Driver | 2 | 0 | 1800 | ६६,७७६ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ९ गते (22 January 2025) मा हुनेछ।

R.P. International Consultancy P. Ltd
Bishalnagar Chowk, Kathmandu, Nepal - Tel: 977-1-4443699, Fax: 977-1-4435847
Email: rpiconsultancy2005@gamil.com, Web.: www.rpinternational.com.np

## UAE मा रोजगार
कम्पनी SAMA ZAMZAM SCAFFOLDING CONTRACTING L.L.C — शहर DUBAI — L.T. No.: 317101

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब AED | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Scaffolder | 3 | 0 | 1200 | ४५,१९६ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ९ गते (22 January 2025) मा हुनेछ।

रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.
Tokha-11 Bhandari Tole, Tokha, Kathmandu, Nepal.
Tel: 4985294 / 4985295, Email: info.royal1034@Gmail.com

## कतारमा रोजगार
कम्पनी WAIT PARKING MANAGEMENT — शहर DOHA — LT. No.: 309317

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Driver | 5 | 0 | 1400 | ५२,०८८ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ९ गते (22 January 2025) मा हुनेछ।

SAAN NEPAL PVT. LTD.
Battisputali-9, Kathmandu, Tel.: 01-4584977, 4585077.
Email: managersaan@gmail.com | Website: www.saannepal.com.np


## Shree Durga Secondary School
Simar, Baitadi
Sudurpaschim Province, Nepal

### Invitation For Bids

Date of publication: 2081/10/02

| S. N. | Contract ID | Name of the Project | Estimated Amount (Excluding VAT and contingencies) | Bid Security Amount (NRs) | Price Of Bidding Document (NRs) | Validity Period of the Bid | Validity Period of Bid Security |
|---|---|---|---|---|---|---|---|
| 1 | DSS/DRM/NCB/ WORK/01/081/82 | Construction of Administrative building of shree Durga secondary school | NRs. 96,82,992.50 | Nrs. 2,90,000/- | Nrs 3000/- | 90 days | 120 days |

1. ***Shree Durga Secondary School*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***Administrative Building of Shree Durga Secondary School, Simar*** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Shree Durga Secondary School, Simar Baitadi Contact No.: 9848845141, 9848681122, 9863451960*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp.. Bidders, submitting their bid electronically, should deposit the cost **(i.e. NRs. 3000)** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: Office Name of the Bank: ***Rastriya Banijya Bank*** Name of Office: ***Shree Durga Secondary School*** Office Account no.: ***4050100000172001***
5. Electronic bids must be submitted to the ***office of Shree Durga Secondary School*** through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00** *Noon* on *2081/11/02*. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00 PM on 2081/11/02*** at the office of ***Shree Durga Secondary School***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of *N***Rs. 2,90,000.00** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Head Teacher**

## Khandbari Municipality
## Office of the Municipal Executive
Khandbari, Sankhuwasabha
Koshi Province, Nepal

### Invitation for Bids

Date of Publication: 2081-10-01 (2025-JAN-14)

1. ***Khandbari Municipality, Sankhuwasabha*** invites electronic bid for eligible bidders for procurement of following works.

| Contract Identification No. | Name of Project | Estimated Amount (Without VAT & Contingencies) NRs. | Bid Security Amount NRs. | Cost of Bidding Documents NRs. | Remark |
|---|---|---|---|---|---|
| KMO/SQ/ WORKS/01/081/082 | Khandbari Baderni Road Maintenance Works (Pathakgaun-Bansbari Section) | 1,729,127.09 | 53,000.00 | 1,000.00 | |
| KMO/NCB/ WORKS/06/081/082 | Lilibar Sasastra Basecamp Arunthan Road Maintenance Works | 1,987,734.70 | 63,000.00 | 3,000.00 | |

2. Details of Bid:

| Name of Project (ID No.) | Bid Validity Period | Bid Security Validity Period | Deadline for Submission of Bid | Opening of Bid | Type of Biding |
|---|---|---|---|---|---|
| Khandbari Baderni Road Maintenance Works(Pathakgaun-Bansbari Section) (KMO/SQ/WORKS/01/081/082) | 45 Days after bid opening (2081-12-03) | 30 days beyond Bid Validity Period (2082-01-02) | 2081-10-16, 12:00 Hrs. | 2081-10-16, 13:00 Hrs | Electronic Bid Only. |
| Lilibar Sasastra Basecamp Arunthan Road Maintenance Works (KMO/NCB/ WORKS/06/081/082) | 90 Days after bid opening (2082-02-01) | 30 days beyond Bid Validity Period (2082-03-01) | 2081-11-01, 12:00 Hrs. | 2081-11-01, 13:00 Hrs | Electronic Bid Only. |

3. For Further Details bidders are requested visit website www.khandbarimun.gov.np or notice board of Khandbari Municipality Office or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| Name of the Bank | : | Rastriya Banijya Bank, Branch Office, Sankhuwasabha |
| Name of Office | : | Khandbari Municipality Office |
| Office Code Number | : | 365-05-11 |
| Antarik Rajaswa Khata | : | 2080100301010002 |
| Dharauti Khata Number | : | 2080100303000002 |

5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## यू- १९ महिला टी- २० विश्वकप
# ट्रफीसँगै कप्तानहरू



**काठमाडौं/मस-** मलेसियामा हुने आईसीसी यु-१९ महिला टी-२० विश्वकपको ट्रफी सार्वजनिक गरिएको छ। मलेसियाको राजधानी क्वालालम्पुरको सिटी सेन्टरस्थित पेट्रोनास ट्विन टावरमा मंगलबार विश्वकप खेल्ने १६ वटै देशका कप्तानले संयुक्त रूपमा विश्वकप ट्रफी सार्वजनिक गरेका हुन्।

विश्वकपमा भाग लिन सबै टोली मलेसिया पुगिसकेका छन्। नेपालले पहिलो पटक यु-१९ महिला टी-२० विश्वकप खेल्न लागेको हो। पूजा महतोको कप्तानीमा रहेको नेपाली महिला टोलीले विश्वकपअघि वेष्ट इण्डिजसँग सोमबार पहिलो अभ्यास खेल खेलेको थियो। खेलमा नेपाल ९ रनले पराजित भएको थियो।

नेपालले दोस्रो अभ्यास खेल बुधबार अमेरिकासँग खेल्नेछ। विश्वकपमा नेपाल समूह 'डी' मा रहेको छ। यस समूहमा नेपालसँगै अष्ट्रेलिया, बंगलादेश र स्कटल्यान्ड छन्। नेपालले समूह चरणको पहिलो खेल ५ माघमा बंगलादेशसँग खेल्ने छ। दोस्रो खेल ७ माघमा स्कटल्याण्डसँग खेल्नेछ भने तेस्रो खेल ९ माघमा अस्ट्रेलियासँग खेल्नेछ।

विश्वकपको समूह 'ए' मा आयोजक मलेसियासहित भारत, श्रीलंका र वेष्ट इण्डिज छन्। समूह 'बी' मा इङ्ल्याण्ड, आयरल्याण्ड, पाकिस्तान र अमेरिका छन् भने समूह 'सी' मा न्युजिल्याण्ड, समोआ, दक्षिण अफ्रिका र नाइजेरिया छन्।

# बीबीसीलाई भेट्रान फुटबल उपाधि



**काठमाडौं/मस-** बीबीसी भेट्रानले दोस्रो ललितपुर मेयर कप भेट्रान फुटबल प्रतियोगिताको उपाधि मंगलबार जितेको छ। जावलाखेल मैदानमा भएको फाइनलमा बीबीसीले आयोजक कुसुन्ती 'बी' लाई २-० गोलले पराजित गऱ्यो। दुवै गोल पहिलो हाफको सुरुआती समयमा भएको थियो। बीबीसीका लागि दीपक लामाले पहिलो तथा आकाश छन्त्यालले दोस्रो गोल गरे।

उपाधिसँगै बीबीसीले २ लाख नगद पुरस्कार पायो भने कुसुन्ती 'बी' ले १ लाख नगदमा चित्त बुझायो। कुसुन्ती 'बी' का सचिनबाग श्रेष्ठ उत्कृष्ट खेलाडी, कुसुन्ती 'बी' के प्रदीप तण्डुकार उत्कृष्ट गोलरक्षक र बीबीसीका दीपक लामा उत्कृष्ट डिफेन्डर घोषित भए। तीनैले जनही ५ हजार नगदसहित गिफ्ट भौचर प्राप्त गरे।

विजेतालाई ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जन, अर्को आयोजक ललितपुर महानगरपालिका वडा १३ का अध्यक्ष गणेश केसी, आयोजक कुसुन्ती युवा क्लबका अध्यक्ष निरज खड्कलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। पुस २२ गतेदेखि सुरु प्रतियोगितामा ३० टिमले नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए। पहिलो संस्करणको उपाधि कुपण्डोल ४० प्लस भेट्रानले जितेको थियो।

# Thabang Rural Municipality
# Office of the Rural Municipal Executive
## Thabang, Rolpa
## Lumbini Province, Nepal

## Invitation for Bids

**Date of publication :- 24-12- 2024 (2081/09/09)**

**Second Date Of Publication :- 15/01/2025 ( 2081/10/02 )**

**Invitation Of Bids For Procurement And Supply Upto Road Head Of Steel Parts Of Maidung Tibang Trail Bridge**

**Contract Identification No: TRM-ROLPA/G/SQ/13/2081/082**

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAP funds to Thabang Rural Municipality for **Trail/Truss Bridge Program** and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail/Truss Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Rural Municipality invites bids from registered fabricators for supply of fabricated steel parts for following Truss/Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five Truss/Trail bridges within last five years and enlisted by DoLI (http://www.nepaltrailbridges.org.np/2015/fabricators) are eligible for bidding. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Thabang Rural Municipality, Thabang Rolpa.
5. Bidders can download bidding documents for e-submission from PPMO's e-GP System **www.bolpatra.gov.np/egp.** Bidders submitting their bids electronically should deposit non-refundable fee NRs. 1000.00 (One thousand Rupees only|-)
6. The electronic bids must be submitted to the office through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before 12:00 Noon on 2081/10/17 B.S. (2025/01/30 A.D.) bids received after this deadline will be rejected.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00** on 2081/10/17 B.S (2025/01/30 A.D). at the office of Thabang Rural Municipality, Rolpa. Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by bid security which shall be **valid for 30 days** beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contract are as follows.

| Contract ID | Description of Works & Location | Estimated Amounts (Including VAT) | Bid Security Amounts | Bid Document Fee |
|---|---|---|---|---|
| TRM-ROLPA/G/SQ/13/2081/082 | Procurement And Supply Upto Road Head Of Steel Parts Of Maidung Tibang Trail Bridge, Thabang 04, Ghorabang, Rolpa | **19,12,480.61 (Ninteen lakhs twelve thousands four hundred eighty rupees and sixty one paisa only)** | **50,000.00(Fifty Thousands Rupees Only)** | **1000.00 (One Thousands Rupees Only)** |

10. Information to bidders:

**To deposit for purchase bid document**

Name of the bank: Global IME Bank, Thabang Rolpa

Name of the office: Thabang Rural Municipality, Thabang, Rolpa

Account Name and No.: Ga 1.1 Aantarik Rajaswo Khata Thabang 28504010000009

**To deposit for bid Security**

Name of the bank: Global IME Bank, Thabang Rolpa

Name of the office: Thabang Rural Municipality, Thabang, Rolpa

Account Name and No.: Ga 3.1 Dharauti Khata Thabang, 28504010000003

11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsever.

**Chief Administrative officer**

# Paribartan Rural Municipality
# Office of the Rural Municipal Executive
## Putalachaur-5, Rolpa

## Invitation for Bids

**Date of Publication: Jan 15, 2025 ( 2081/10/02)**

1. Paribartan Rural Municipality, Rolpa invites the bids only from Nepaleses elegible bidders for the construction of **Projects as mentioned below** under National Competitive Electronic Bidding procedures. Further information Email:-paribartanrmun@gmail.com, Phone no.:- 9857849002, 9857838510.

**Details of the Contract**

| S.N. | Contract ID No. | Description of Works | Estimated Amount Without VAT & PS (NRs) | Bid Security (NRs.) | Bid Document Price | Address |
|---|---|---|---|---|---|---|
| 1 | PRM/ROLPA/ W/BU/ NCB/5/2081-082 | Rangsi Swasthya Chauki Bhaban Nirman Wada no. 2 | 14267921.06 | 315000.00 | 3000.00 | Ward No. 2 |

**Chief Administrative Officer**

साउदीमा रोजगार !
कम्पनी BRANCH OF NABATAT CONTRACTING COMPANY
शहर DAMMAM
L.T. No.: 317120

| | | | | |
|---|---|---|---|---|
| 1. Construction worker | 25 | 0 | 1000 | ३६,८७० |

कम्पनी ABDUL RAHMAN S.A AL-OTAISHAN FACTORY FOR METAL INDUSTRIES
शहर SAUDI
L.T. No.: 316981

| | | | | |
|---|---|---|---|---|
| 1. Workshop Labor | 5 | 0 | 1000 | ३६,८७० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ९ गते (22 January 2025) मा हुनेछ ।

प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा. लि.
Email : cv.protechnepal@gmail.com
Contact No: 9768404680 | 9863190516 | 9822798151 | 9805854406

युएईमा रोजगार
कम्पनी WHITE TULIP BEAUTY SALON
शहर UAE
L.T. No.: 304120

| | | | | |
|---|---|---|---|---|
| 1. HAIRDRESSER | 0 | 2 | 1500 | |
| 2. Masseurs | 0 | 1 | 1500 | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ९ गते (22 January 2025) मा हुनेछ ।

Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Manpower Bazar, Kathmandu

# सरकारको आम्दानीभन्दा खर्च धेरै

छवि सापकोटा/मध्यान्ह
काठमाडौं, १ माघ ।

चालु आर्थिक वर्ष २०८१/८२ को ६ महिनामा सरकारको आम्दानी भन्दा खर्च धेरै भएको छ । महालेखा नियन्त्रकको कार्यालयका अनुसार पुस मसान्तसम्म सरकारको कुल आम्दानी ५ खर्ब ७४ अर्ब ७६ करोड ७९ लाख हुँदा खर्च भने ६ खर्ब ६७ अर्ब ६० करोड १९ लाख खर्च गरेको छ । सरकारको बजेटरी अवस्था आर्थिक वर्षको ६ महिनामा ९२ अर्ब ८३ करोड घाटामा छ ।

सरकारले चालु आर्थिक वर्षमा १४ खर्ब १९ अर्ब रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको भएपनि ६ महिनामा लक्ष्यको ३९.०६ प्रतिशत मात्र राजस्व उठेको छ । सरकारले १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख खर्चको लक्ष्य राखेकोमा पुस मसान्तसम्म ३५.८९ प्रतिशत अर्थात् ६ खर्ब ६७ अर्ब ६० करोड १९ लाख खर्च भएको छ । चालु आर्थिक वर्षमा ३ खर्ब ५२ अर्ब ३५ करोड ४० लाख रुपैयाँ बराबर पुँजीगत खर्च लक्ष्य रहेकोमा ६ महिनामा १६.१६ प्रतिशत अर्थात् मात्र ५६ अर्ब ९३ करोड ५० लाख मात्र खर्च भएको छ ।

तर, सरकारले समीक्षा अवधिमा चालु खर्च ३९.६३ प्रतिशत अर्थात् ४ खर्ब ५२ अर्ब ३० लाख खर्च गरेको छ । यस्तै सरकारले वित्तीय व्यवस्थापनमा ४३.१ प्रतिशत अर्थात् १ खर्ब ५८ अर्ब ६६ करोड खर्च भएको छ । देशको सार्वजनिक ऋण बढ्दै गएकोले पुँजीगत खर्च भन्दा वित्तीय व्यवस्थापनमा खर्च बढ्दै गएको छ । राजस्व ४ खर्ब ८९ अर्ब ३९ लाख ९२ करोड र गैरकर राजस्व ७० अर्ब २० करोड हुँदा आम्दानी ५ खर्ब ५९ अर्ब छ । यस्तै अनुदानबाट ७ अर्ब ३७ करोड र अन्य प्राप्ति ७ अर्ब ७८ करोड हुँदा सरकारको कुल आम्दानी ५ खर्ब ७४ अर्ब ७६ करोड ७९ लाख भएको छ ।

लक्ष्यअनुसार राजस्व संकलन कम भएपनि गत वर्षको सोही अवधिको तुलनामा राजस्व बढेको अर्थ मन्त्रालले जनाएको छ । गत आर्थिक वर्षको तुलनामा १३ प्रतिशत अर्थात् ६३ अर्ब बढी राजस्व उठेको मन्त्रालयले जनाएको छ । गत आर्थिक वर्षको पुस मसान्तसम्म चार खर्ब ९६ अर्ब रुपैयाँ राजस्व संकलन भएको थियो । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विगतको तुलनामा राजस्व संकलन बढी हुनु सकारात्मक भएको र सरकारले लक्ष्य अनुरुप राजस्व संकलनमा केन्द्रित हुने बताए । अर्थ मन्त्रालयले गत असोजको बाढी पहिरो, पेट्रोलियम पदार्थको आयातमा कमी, पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनको आयात प्रभावित, विद्युतीय सवारी साधनको आयात संख्यामा वृद्धि, दूरसञ्चार क्षेत्रमा परेको प्रभाव, आयात तथा मागमा कमी लगायतले राजस्व संकलनमा असर परेको जनाएको छ ।




आम्दानी र खर्चको अवस्था पुस मसान्तसम्म (लाखमा)

| आम्दानी | लक्ष्य | प्राप्त | प्रतिशत |
|---|---|---|---|
| १) राजस्व | १,४१,९३,०३० | ५५,९६,०७४ | ३९.४३ |
| (क) कर | १२,८४,२०९ | ४८,९३,९९२ | ३८.११ |
| (ख) गैर कर | १३,५०,९४३ | ७,०२,०८३ | ५१.९७ |
| २) अनुदान | ५,२३,२६५ | ७३,७०६ | १४.०९ |
| ३) अन्य | ० | ७७,८९९ | ० |

| | लक्ष्य | प्राप्त | प्रतिशत |
|---|---|---|---|
| कुल खर्च | १,८६,०३,०३० | ६६,७६,०१९ | ३५.८९ |
| चालु खर्च | १,१४,०६,६४५ | ४५,२०,०३० | ३९.६३ |
| पुँजीगत खर्च | ३५,२३,५४० | ५,६९,३५० | १६.१६ |
| वित्तीय व्यवस्थापन | ३६,७२,८४५ | १५,८६,६३९ | ४३.२ |

स्रोत: महालेखा नियन्त्रक कार्यालय

# सहकारीको कर्जा परिचालनमा कडाइ गर्दै राष्ट्र बैंक



काठमाडौं/मस - सरकारले अध्यादेशमार्फत् सहकारी क्षेत्र व्यवस्थापनसम्बन्धी नयाँ कानुन जारी गरेसँगै नेपाल राष्ट्र बैंकले सहकारी संस्थाको बचत र ऋण व्यवस्थापनलाई व्यवस्थित गर्न नयाँ मापदण्डसहितको मस्यौदा सार्वजनिक गरेको छ ।

पछिल्लो समय ठूलो समस्या देखिएको सहकारी क्षेत्रको वित्तीय गतिविधिमा पारदर्शीता र सन्तुलन ल्याउन राष्ट्र बैंकले सोमबार 'बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि जारी गरिएको निर्देशन तथा मापदण्ड' को मस्यौदा सार्वजनिक गरेको हो । उक्त मापदण्डको मस्यौदामा सहकारी संस्थाले आफ्ना सदस्यबाट मात्र बचत संकलन गर्न पाउने, कार्यक्षेत्रअनुसार बचत संकलन सीमा तोक्ने, ऋण लगानीका कडाइ गर्ने, उत्पादनशील क्षेत्रको लगानीमा जोड दिनेलगायत विषय राखिएका छन् ।

राष्ट्र बैंकले सहकारी क्षेत्रको अनुशासन र पारदर्शीता सुनिश्चित गर्न यो मस्यौदा ल्याएको जनाएको छ । माघ मसान्तभित्रमा यो मस्यौदामाथि सुझाव दिन आग्रह गरेको छ । मस्यौदा मापदण्डमा राखिएको सदस्य बाहेकबाट बचत संकलन गर्न पूर्णत: निषेध गर्ने तथा निश्चित सीमाभित्र मात्रै संकलन गर्न पाउने प्रावधानले गैर-सदस्यबाट हुने जोखिमपूर्ण बचत संकलनको अभ्यासलाई अन्त्य गर्ने अपेक्षा गरिएको छ ।

'बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले आफ्ना सदस्यबाट मात्र बचत संकलन गर्न सक्ने छ भने यस्तो संस्थाले प्राथमिक पुँजी कोषको पन्ध्र गुणासम्म बचत संकलन गर्न सक्नेछ । संस्थाले बैंक तथा वित्तीय संस्थाबाट कुल सम्पत्तिको पाँच प्रतिशतसम्म वा पुँजी कोषको बढीमा सय प्रतिशतसम्म ऋण लिन सक्नेछ', मस्यौदामा भनिएको छ ।

बचत तथा ऋणको कारोबार गर्ने संस्थाको बचत संकलन सीमा पनि तोकिएको छ । एउटा जिल्लामा मात्र कार्यक्षेत्र भएको सहकारीले १० लाख, एकभन्दा बढी जिल्ला कार्यक्षेत्र भएमा २५ लाख र एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएमा ५० लाखसम्म मात्र बचत संकलन गर्नसक्नेछ । संस्थाले साधारण र नियमित प्रकारका बचत खाता सञ्चालन गर्न सक्ने र सहकारीका सदस्यले १० लाखभन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रूपमा स्रोत खुलाउनुपर्ने मस्यौदामा उल्लेख छ ।

त्यस्तै, कर्जा प्रवाहमा पनि कडाइ गर्न लागिएको छ । 'बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाले सदस्यता लिएको न्यूनतम तीन महिना नपुगेका सदस्यलाई ऋण लगानी गर्न सक्नेछैनन् । संस्थाले प्रति सदस्य प्राथमिक पुँजीकोषको अधिकतम १५ प्रतिशतभन्दा बढी रकम ऋण प्रवाह गर्न सक्नेछैन', मापदण्डको मस्यौदामा भनिएको छ, 'संस्थाले नियमित बचत गरिरहेका सदस्यलाई निजको बचत रकमको पाँच गुणा वा बढीमा तीन लाखमध्ये जुन कम हुन्छ सो बराबरको रकममात्र बिना धितो ऋण प्रवाह गर्न सक्नेछ ।'

यसरी बिना धितोकर्जा प्रवाह गर्दा कम्तीमा दुई सदस्यको जमानी लिनुपर्ने तथा सञ्चालकले आफ्नो बचतको सुरक्षणमा प्राप्त हुने ऋण बाहेक कुनै प्रकारको थप ऋण लिन नपाउने व्यवस्था ल्याउन लागिएको छ । बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले सहकारी बैंक र साना किसान लघुवित्त संस्थाको शेयर तथा नेपाल सरकारले जारी गरेको ऋणपत्रमा लगानी गर्न सक्ने व्यवस्था मापदण्डको मस्यौदामा राखिएको छ । यस बाहेक अन्य कुनै संस्थाको शेयर, डिबेन्चरमा लगानी गर्न पाइने छैन ।

सहकारी संस्थालाई घरजग्गा खरिदमा पनि कडाइ गर्न लागिएको छ । 'विगत तीन वर्षदेखि निरन्तर खुद मुनाफामा सञ्चालनमा रहेको, सञ्चित नोक्सानी नरहेको र न्यूनतम पुँजीकोष कायम रहेको अवस्थामा प्राथमिक पुँजीको बढीमा २५ प्रतिशत वा जगेडा कोषको बढीमा ५० प्रतिशतसम्म हुन आउने रकम बराबरको मात्रै जग्गा वा भवन कार्यालय प्रयोजनका खरिद वा निर्माण गर्न सकिनेछ', मस्यौदामा भनिएको छ, 'यी शर्त विपरीत सम्पत्ति खरिद वा निर्माण गरेमा सो बराबरको रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्नेछ ।'

त्यस्तै सहकारी संस्थालाई क्षेत्रगत कर्जा विस्तारमा जोड दिइएको छ । 'विशिष्टिकृत संस्थाबाहेक ठूलो कारोबार गर्ने संस्थाले कूल ऋणको न्यूनतम ५० प्रतिशत कृषि, उद्योग र व्यवसाय सञ्चालन तथा विस्तारलगायत उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्नुपर्नेछ', मापदण्डको मस्यौदामा उल्लेख छ, 'उक्त सीमा हाल कायम नरहेमा २०८३ असार मसान्तसम्म कायम गर्नुपर्नेछ । संस्थाले कृषि, उद्योग र व्यवसायको लागि ऋण प्रवाह गर्दा किस्ता/ब्याज भुक्तानी गर्न उपयुक्त ग्रेस अवधि प्रदान गर्न सक्नेछ ।'

# आर्थिक क्षेत्रका कानुन सुधारको प्रयास सकारात्मक : चेम्बर



काठमाडौं/मस - आर्थिक तथा व्यावसायिक वातावरण एवं लगानी अभिवृद्धिका लागि सरकारले ल्याएको अध्यादेश सकारात्मक र दूरगामी महत्वको रहेको नेपाल चेम्बर अफ कमर्सले जनाएको छ । सार्वजनिक सेवा सुधार गर्दै व्यावसायिक वातावरण र लगानी अभिवृद्धिका लागि कानुनमा संशोधन गर्न सरकारले ल्याएको अध्यादेश सकारात्मक रहेको चेम्बरले उल्लेख गरेको छ ।

चेम्बर अफ कमर्सद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'सार्वजनिक सेवा सुधार, र आर्थिक तथा व्यावसायिक वातावरण एवं लगानी अभिवृद्धि गर्न अध्यादेश आएको छ यसले मुलुकको आर्थिक वातावरणमा सुधार र लगानी अभिवृद्धि हुने विश्वास लिएका छौं ।' अर्थतन्त्रको सुधार एवं लगानीमैत्री वातावरणका लागि चेम्बर अफ कमर्सले कानुनी पाटो सुधार गर्न सरकारको ध्यानाकर्षण गराउँदै आएको थियो ।

वर्तमान अर्थतन्त्रको अवस्था सुधार गर्न सरकार प्रतिबद्ध रहेको देखिएको चेम्बरका अध्यक्ष कमलेश कुमार अग्रवालले बताए । रकम फिर्ता लैजान चाहने विदेशी लगानीकर्ताको प्रस्ताव ७ दिनमै स्वीकृत हुने अध्यादेशमा उल्लेखित व्यवस्थाको चेम्बरले स्वागत गरेको छ । यसले मुलुकभित्र लगानीको राम्रो वातावरण रहेको सन्देश जाने चेम्बरका अध्यक्ष कमलेश कुमार अग्रवालले बताए । उनले भने, 'चेम्बरले अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि लगानी सम्मेलनका क्रममा उठाएको इजी इन्ट्री र इजी एक्जिटको विषय सम्बोधन भएको छ ।'

सूचना प्रविधि उद्योगले विदेशमा कार्यालय खोल्न र लगानी गर्न सक्ने अध्यादेशमा उल्लेखित प्रावधान आइटी क्षेत्रको विकासका लागि कोशेढुंगा भएको चेम्बरको ठहर छ । आर्थिक तथा व्यावसायिक वातावरण सुधार एवं लगानी अभिवृद्धि सम्बन्धी अध्यादेशबाट विभिन्न ११ वटा र सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा सम्बन्धी अध्यादेशबाट १३ वटा कानुनमा संशोधन हुनु अर्थतन्त्रको दिगो विकासका लागि महत्वपूर्ण भएको चेम्बरले उल्लेख गरेको छ ।

जग्गा बाहेक स्थिर सम्पत्ति वा सम्झौताको धितो राखेर पनि ऋण लिन सकिने व्यवस्थाले अर्थतन्त्र र वित्तीय क्षेत्रलाई चलायमान बनाउन सहयोग पुग्ने चेम्बरले विश्वास लिएको छ । बैंक तथा वित्तीय क्षेत्रमा अधिक तरलता रहेको सन्दर्भमा अध्यादेशमा उल्लेखित प्रावधानले केही सहजता प्रदान गर्ने अध्यक्ष अग्रवालले बताए । विशेष आर्थिक क्षेत्र सेज उद्योगलाई प्राथमिकतामा राख्नुलाई पनि चेम्बरले महत्वपूर्ण कदम भनेको छ । विशेष आर्थिक क्षेत्र ऐन २०७३ संशोधन गरी सेजका उद्योगीलाई ७५ प्रतिशत निर्यात गर्ने बाध्यात्मक अवस्थाको अन्त्य हुनुलाई सकारात्मक रूपमा लिएको चेम्बरले जनाएको छ । सेवा क्षेत्रलाई पनि सेजमा आबद्ध गर्ने गरी अध्यादेशमा उल्लेखित व्यवस्थाले सेजमा निजी क्षेत्रलाई सहजीकरण गर्न खोजिएको चेम्बरले जनाएको छ । हाल सञ्चालनमा रहेका उद्योगहरू विशेष आर्थिक क्षेत्र सेजमा सारिएमा कर छुट दिने व्यवस्थाको स्वागत गर्दै चेम्बरले आन्तरिक उत्पादन देखि बजारीकरणसम्म सहज हुने अपेक्षा समेत गरेको छ ।

# प्रभु बैंकको संचालकमा ६ सदस्य निर्वाचित



काठमाडौं/मस - प्रभु बैंकको सञ्चालकमा ६ सदस्य निर्वाचित भएका छन् । प्रभु बैंक लिमिटेडको सोमबार भएको २३औं वार्षिक साधारण सभाले विभिन्न निर्णयहरू पारित गर्दै ६ जना सञ्चालक समेत निर्वाचित गरेको हो । संस्थापक समूहतर्फ अम्बिका शर्मा लामिछाने, अगिरमान सिंह र बृषबहादुर बस्नेत र सर्वसाधारण समूहतर्फ सुरजकुमार श्रेष्ठ, राजु पौडेल र किशोरजंग कार्की गरी ६ जना सञ्चालकहरू आगामी ४ वर्षको कार्यकालको लागि निर्वाचित भएका छन् ।

बैंकको सञ्चालक समितिका अध्यक्ष लिलाप्रकाश सिटौलाको अध्यक्षतामा बसेको बैठकले सञ्चालक समितिको प्रतिवेदनसहित आर्थिक वर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अन्य अनुसूचीहरू पारित गरेको छ । साथै, प्रभु बैंकका सहायक कम्पनीहरू प्रभु क्यापिटल लिमिटेड र प्रभु स्टक मार्केट लिमिटेडको एकीकृत वित्तीय विवरणलाई पनि सभाले अनुमोदन गरेको छ । वार्षिक साधारण सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत सबै प्रस्तावहरू सर्वसम्मतबाट पारित भएका छन् ।

# फोनपेले १०.५३ प्रतिशत नगद लाभांश दिने




काठमाडौं/मस - पेमेण्ट सर्भिस कम्पनी फोनपेले १०.५३ प्रतिशत नगद लाभांश दिने भएको छ । फोनपे पेमेण्ट सर्भिस लिमिटेडको पाँचौं वार्षिक साधारण सभाले शेयर धनीहरूलाई २०८१ असार मसान्तमा कायम रहेको चुक्ता पुँजीको १०.५३ प्रतिशत नगद लाभांश वितरण गर्ने निर्णय गरेको हो ।

सञ्चालक समितिका अध्यक्ष सचिन जोशीको अध्यक्षतामा भएको सभाले आर्थिक वर्ष २०८०/८१ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान, हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू पारित गरेको फोनपेले जनाएको छ ।

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्रको आशय पत्र सम्बन्धी सूचना

प्रकाशित मिति २०८१/१०/०२

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०८१/०८२ अन्तर्गत तपसिल बमोजिमका कार्यको लागि मिति २०८१/०८/१२ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्यूनतम मूल्याकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| ठेक्का नं. | कामको विवरण | फर्म/ कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 60/DSMC/2081/082 | Construction of Side Drain and Sub Base Works (Chandrapal House-Mina Sob House to District Court Road) at Ward No. 01 DSMC | श्री जय गणेश निर्माण सेवा दिपायल सिलगढी, डोटी | रु. १४,२४,८१२/७५ मु. अ. क. बाहेक |
| 61/DSMC/2081/082 | Construction of Blacktop Road (Manehara Darshan Rana House to East-North Road) at Ward No. 07 DSMC | श्री जय दुर्गा निर्माण सेवा धनगढी, कैलाली | रु. २५,१२,७४१/२५ मु. अ. क. बाहेक |
| 62/DSMC/2081/082 | Construction of Blacktop Roads (Ramnagar, Sangam, Bidhyanagar Tole, Adeshu Rana House to Arjun Rana House) at Ward No. 08 DSMC | श्री कृष्ण घोल्छाडी निर्माण सेवा धनगढी, कैलाली | रु. २६,२२,६७७/०० मु. अ. क. बाहेक |
| 63/DSMC/2081/082 | Construction of PCC Road (Rajpur Indra Colony to Rastriya School) at Ward No. 13 DSMC | श्री छत्रपाल निर्माण सेवा धनगढी, कैलाली | रु. २२,५३,८३८/०० मु. अ. क. बाहेक |
| 64/DSMC/2081/082 | Construction of Blacktop Roads (Chelibeti Chautara to Indrodaya School E Gaun Road, Aadarsha Chok Durga Adhikari House to Bhattrai Chok Road and Tulsibari Ring Road to Gausala Road) at Ward No. 18 DSMC | श्री ज्योती निर्माण सेवा धनगढी, कैलाली | रु. १९,५१,९०७/०० मु. अ. क. बाहेक |
| 65/DSMC/2081/082 | Fencing Works at Dhangadhi Vocational School Ward No. 18 DSMC | श्री डि. जे. निर्माण सेवा धनगढी, कैलाली | रु. २४,५०,७१२/५० मु. अ. क. बाहेक |

प्रमुख प्रशासकीय अधिकृत

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१-४३२६३६६, ०१-४३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ